का.जि.प्र.का.द.नं. १००/०५२/६०
१२ भदौ २०८३
शुक्रबार
4 September 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

उद्धारकर्मीलाई सलाम

रसुवामा आएको विनाशकारी बाढीले घर, सडक र बस्तीमा क्षति मात्रै पुऱ्याएन, धेरै परिवारलाई आफ्ना आफन्तको जीवनबारे अनिश्चिततामा छाड्यो । तर, विपद्को संकटमा उद्धारकर्मीको निरन्तर प्रयासले आशाको उज्यालो देखायो । तीन दिनसम्म भग्नावशेषमा फसेकी ६ वर्षीया बालिका जीवित भेटिइन् । ९७ वर्षीया गुणमाया बोहरा पनि चार घण्टाको प्रयासपछि भग्नावशेषबाट सकुशल निकालिइन् । घरको छतमा फसेका बालकले टी-सर्ट हल्लाएर संकेत गरेपछि नेपाली सेनाले हेलिकप्टरबाट उद्धार गऱ्यो । यी घटनासँगै हजारौं सुरक्षाकर्मी बाढी, पहिरो, हिलो, जंगल, खोला र जोखिमपूर्ण संरचनामा खटिएर खोज, उद्धार, राहत र शव व्यवस्थापनमा जुटिरहेका छन् । विपद्को कठिन भूगोल र प्रतिकूल मौसमबीच उनीहरूको साहस र समर्पण नागरिकका लागि भरोसाको आधार बनेको छ ।

■ भावना पाठक र सपना बोहरा/मध्यान्ह

कमर स्टोरी



तस्विरहरु : सुरक्षा निकाय र रासस

विपद्मा सहारा बने स्थानीय सरकार

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १८ भदौ

भदौ १० मा आएको भोटेकोशी बाढीले पाँचवटा जिल्लाका १५ स्थानीय तहमा ठुलो जनधनको क्षति गऱ्यो । उक्त बाढीमा परी स्थानीय सरकारका आठजना जनप्रतिनिधि बेपत्ता भए । उनीहरू अहिलेसम्म भेटिएका छैनन् ।

बाढी आएको सूचना पाउनासाथ स्थानीय सरकार अलर्ट भयो । संघीय सरकारले पनि आफ्नो तर्फबाट विपद्पछिको खोज तथा उद्धारमा लागेको थियो । नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तहका जनप्रतिनिधिले आफ्ना वडा, गाउँ, टोल बस्तीमै पुगेर बाढीको सूचना प्रवाह गरे । मानिहरूलाई तटीयक्षेत्रबाट माथि भाग्न लगाउँदा धेरैको ज्यान जोगियो ।

आफ्नो स्रोतसाधन, र शक्तिलाई भरपुर उपयोग गरेर विपद् पूर्वको सूचना र विपद्पश्चात् खोज, उद्धार र राहतको कार्यलाई प्रभावकारी बनाएको स्थानीय सरकारका जनप्रतिनिधिले दाबी गरेका छन् । पालिका अध्यक्ष र वडा अध्यक्षहरू संघीय सरकारको अनुपस्थितिमा नागरिक बचाउन रहसम्भव प्रयास गरेको बताउँछन् । विनाशकारी बाढीको समयमा सबैभन्दा बढी फिल्डमा खटिने वडा अध्यक्ष र पालिका प्रमुखहरू रहेका छन् ।

बाढीले रसुवाको गोसाइँकुण्ड गाउँपालिकालाई पूर्ण रूपमा शोकमय बनाएको छ । यो गाउँपालिकाको मुख्य कार्यालय बगाएको छ भने गाउँपालिका उपाध्यक्ष, वडाध्यक्षसहित सातजना जनप्रतिनिधि बेपत्ता भए । त्यस्तै, प्रमुख प्रशासकीय अधिकृतसहित २१ जना कर्मचारी बेपत्ता छन् । पालिका अध्यक्ष कर्साङ नुर्पु तामाङले आफैं पीडित हुन् । उनका आफ्नै परिवारका सातजना सदस्यसमेत बेपत्ता छन् । त्यस्तै, उत्तरगया गाउँपालिकाका एकजना कार्यपालिका सदस्यसमेत बेपत्ता रहेको उत्तरगया गाउँपालिका वडा नम्बर ४ का वडा अध्यक्ष अमरबहादुर बुलुनले बताए । बुलुन पनि बाढीबाट प्रत्यक्ष प्रभावित हुन् । उनका आफ्नै भाइ बेपत्ता भएका छन् । यस्तो अवस्थामा पनि स्थानीय तहका जनप्रतिनिधिले नागरिकलाई बचाउन, विपद्पछिको खोज, उद्धार र राहतको संघीय सरकारको बाटो नहेरी खटिएको बताउँछन् ।

गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कर्साङ नुर्पु तामाङले सातजना आफन्त गुमाउनुपर्दा आफैंलाई सम्हाल्न नसके पनि आफ्ना नागरिकको उद्धार प्रभावकारी बनाउन »» पृष्ठ २ मा

तीन दिनपछि बालिकाको सकुशल उद्धार

रसुवामा आएको बाढीपछि भएका उद्धारका घटनामध्ये एउटा घटनाले सबैलाई अचम्मित तुल्यायो । त्यो घटना हो- विनाशकारी बाढी आएको तीन दिनपछि भग्नावशेषबाट ६ वर्षीया बालिकालाई जीवित उद्धार गरिएको पल ।

प्रलय जितेकी ९७ वर्षीया गुणमाया

सुरक्षाकर्मीको करिब चार घण्टाको प्रयासपछि एक्स्काभेटरको मद्दतले उनलाई भग्नावशेषबाट बाहिर निकालियो । भोटेकोशीको तीव्र बहावमा परेको, त्यसमा पनि ९७ वर्षको उमेरमा रहेकी उनलाई सकुशल उद्धार गर्न उद्धारकर्मी सफल भए ।

जोखिम मोलेर हिलोबाट उद्धार

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले जोखिम मोलेर उद्धार कार्यलाई निरन्तरता दिएको छ । सुरक्षा निकायले सार्वजनिक गरेका भिडियोहरूमा पनि जोखिम मोलेर उद्धार गरिएका विभिन्न दृश्यहरू देख्न सकिन्छ ।

टिमुरेमा सशस्त्रले देखाएको साहस

भोटेकोशी नदीमा आएको बाढीले रसुवाको टिमुरेमा कार्यरत कमान्डरसहित १३ सुरक्षाकर्मी गुमाउँदा पनि सशस्त्र प्रहरी बिचलित नभई उद्धार कार्यमा खटिएको छ ।

»» विस्तृत पृष्ठ २ मा

बल्ल परामर्शमा सरकार

बाढीपछिको खोज, उद्धार, राहत र पुनर्स्थापनामा सरकारको कार्यशैलीमाथि प्रश्न बढ्दै गएपछि प्रधानमन्त्री बालेन शाहले विज्ञ तथा अनुभवी राजनीतिक नेतृत्वसँग परामर्श थालेका हुन् ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १८ भदौ

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले बिहीबार नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुन र उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङसँग छुट्टाछुट्टै भेट गरे । दुवै भेटमा रसुवामा गत भदौ १० गते गएको विनाशकारी बाढीले निम्त्याएको विपद्बारे कुराकानी भएको प्रधानमन्त्रीको सचिवालले जनाएको छ ।

घिसिङ जलविद्युत् क्षेत्रका विज्ञ हुन् । लामो समय नेपाल विद्युत् प्राधिकरणको कार्यकारी प्रमुख भएर काम गरेका घिसिङ अघिल्लो सरकारका ऊर्जामन्त्री थिए ।

नेकपाका नेता पुन पूर्वऊर्जामन्त्री र पूर्व अर्थमन्त्री हुन् । »» पृष्ठ २ मा

प्रधानमन्त्री युएन जाने

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह संयुक्त राष्ट्रसंघ (युएन)को ८१औं महासभामा भाग लिन जाने भएका छन् । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री वालेन युएन जान लागेका हुन् । उनीसँग परराष्ट्रमन्त्री शिशिर खनाल पनि सँगै जानेछन् । यसअघि भदौ ३ गतेको मन्त्रिपरिषद् बैठकले परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा टोली पठाउने निर्णय गरेको थियो । तर, भदौ १० गतेको विपद् र राजनीतिक दबावका कारण प्रधानमन्त्री नै जान लागेका हुन् ।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले हिमाली क्षेत्रमा »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

संघद्वारा रास्वपा सभापति लामिछानेसँग छलफल

मध्यान्ह संवाददाता
काठमाडौं, १८ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसँग छलफल गरेको छ । संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमर'को नेतृत्वमा गएको प्रतिनिधिमण्डलले रास्वपा सभापति लामिछानेसँग भेट गरी समग्र वैदेशिक रोजगार क्षेत्रलाई सम्मानित, मर्यादित, व्यवस्थित र श्रमिकमैत्री बनाउन आवश्यक नीतिगत सुधारका विषयमा छलफल गरेको हो ।

भेटका क्रममा संघले सरकारसँग निरन्तर सहकार्य गर्दै आएको भएपनि वैदेशिक रोजगार क्षेत्रका समस्या र ती समस्याको अविलम्ब नीतिगत समाधान गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराएको छ ।

विशेषगरी, नेपाली श्रमिकको प्रमुख गन्तव्य मुलुक मलेसियाको श्रमिक भर्ना प्रक्रियामा संलग्न फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) प्रणालीमार्फत २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्थालाई समेटेर अन्य व्यवसायीलाई व्यवसायबाट बाहिर राख्ने प्रयास गरिएको »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कभर स्टोरी

उद्धारकर्मीलाई सलाम

तीन दिनपछि बालिकाको उद्धार

रसुवामा आएको बाढीपछि भएका उद्धारका घटनामध्ये एउटा घटनाले सबैलाई अचम्मित तुल्यायो। त्यो घटना हो- विनाशकारी बाढी आएको तीन दिनपछि भग्नावशेषबाट ६ वर्षीया बालिकालाई जीवित उद्धार गरिएको पल। बाढी आउने क्रममा उनका बुवा-आमा भागेर ज्यान जोगाउन सफल भएका थिए। उनी भने बाढीमै बेपत्ता भएकी थिइन्।

प्रहरीले बाढी आएको दिनदेखि नै खोज तथा उद्धारको कामलाई तीव्रता दिएको थियो। सशस्त्र प्रहरीको विशेष विपद् उद्धार टोलीका लागि एउटै कुरा प्राथमिकतामा थियो- जिउँदो मानिसलाई जसरी पनि बचाउनु। मानसरोवर जाने भारतीय तीर्थयात्रीदेखि केही चिनियाँ नागरिकसम्मलाई पनि सुरक्षित स्थानमा सारेपछि टिमुरेमा कोही अझै भग्नावशेषभित्र फसेका छन् कि भनेर उद्धार टोलीले खोजी गरिरहेको थियो। खोज तथा उद्धारमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले भग्नावशेषमा बेपत्ताको खोजी गर्ने क्रममा अचानक 'ममी... ममी...' भन्ने मधुर आवाज सुन्यो। ती बालिकाको उद्धार गर्न आवाज आएको दिशातर्फ खोजी तीव्र बनाइयो। सावधानीपूर्वक भग्नावशेष हटाउँदै जाँदा टोलीले त्यहाँ एक बालिका जीवितै फसेको अवस्थामा फेला पार्‍यो। त्यसपछि उनलाई सुरक्षित रूपमा बाहिर निकालियो।

उद्धार टोलीको नेतृत्व सशस्त्र प्रहरी बल नेपालको विपद् उद्धार गण, सिनामंगल काठमाडौंका निरीक्षक सन्जु खत्रीले गरेका थिए। बालिकालाई भग्नावशेषबाट बाहिर निकालिएपछि तत्काल सुरक्षित स्थानमा लगियो। रेडियो सेटमार्फत धुन्चेमा रहेको सशस्त्र प्रहरीको गुल्मलाई उद्धारबारे जानकारी गराइयो। बालिकाको स्वास्थ्य अवस्था निकै कमजोर थियो। उद्धार टोलीले उनलाई बिस्तारै पानी र जाउलो खुवाउन थाल्यो। केही समयपछि उनको होस फर्कियो। तर, मौसम प्रतिकूल भएकाले हेलिकप्टर उडाउन सम्भव थिएन। उनलाई धुन्चे अस्पतालमा उपचारका लागि लगियो। मनीषालाई प्रभु बैंक टिमुरे शाखाका कर्मचारी दावा तामाङले चिने र आफ्नै कार्यालयमा काम गर्ने गीता मगरकी छोरी भएको जानकारी गराए।

सुरुमा आमाले छोरी जीवितै रहेको खबर सुने पनि विश्वास गरिनन्। तीन दिनसम्म छोरीको कुनै अत्तोपत्तो नलागेपछि आशा मारिसकेकी गीताले सुरुमा त्यो खबर पत्याइनन्। मनीषा लोकबहादुर र गीताकी कान्छी छोरी हुन्। बाढीले घर पूर्ण रूपमा क्षतिग्रस्त भएको देखेपछि उनीहरूले छोरी जीवित भेटिने आशा मारिसकेका थिए।

शनिबार दिउँसो मौसममा केही सुधार आएपछि बालिकालाई हेलिकोप्टरमार्फत काठमाडौं ल्याइयो। उनलाई थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज पुर्‍याइएको थियो। 'छोरी जीवित होलिन् भन्ने आशा मारिसकेका थियौं,' शनिबार राति त्रिवि शिक्षण अस्पतालमा छोरीको कुरुवा बसेकी गीताले भनिन्, 'सँगै हुँदा पनि सपनाजस्तो लागिरहेको छ।'

प्रलय जितेकी ९७ वर्षीया गुणमाया

भोटेकोशी बाढीले नदीतटीय क्षेत्र तहसनहस बनाइरहेका बेला ९७ वर्षीया गुणमाया बोहरा देवीघाटस्थित ज्येष्ठ नागरिक प्रतिष्ठानको वृद्धाश्रममा अन्य दिनजस्तै नित्यकर्म गरिरहेकी थिइन्। सोही क्रममा एक्कासि उनलाई बाढीको छालले भेट्यो।

बाढी आउँदा उनी वृद्धाश्रमको भुइँतलामा थिइन्। बाढीको छालले भित्तातर्फ हुत्यायो। एकैछिनमा बाढी पसेर वृद्धाश्रम नै भत्कियो र उनी भग्नावशेषमा पुरिइन्। वृद्धाश्रममा रहेका अन्यलाई भने बाढीले बगायो।

नेपाली सेना र नेपाल प्रहरीको करिब चार घण्टाको प्रयासपछि एक्स्काभेटरको मद्दतले उनलाई भग्नावशेषबाट बाहिर निकालियो। भोटेकोशीको तीव्र बहावमा परेको, त्यसमा पनि ९७ वर्षको उमेरमा रहेकी उनलाई सकुशल उद्धार गर्न उद्धारकर्मी सफल भए। भग्नावशेषबाट निकालिएपछि उनलाई उपचारका लागि वीर अस्पताल ल्याइएको छ। उनी शारीरिक र मानसिक रूपमा अस्वस्थ छिन्। उनको उपचार भइरहेको छ। बाढीमा पर्नुअघि बुढ्यौली उमेर भए पनि उनी तन्दुरुस्त थिइन्। सबैसँग कुरा गर्थिन्। तर, बाढीमा परेपछि पानीको बहावले हिर्काएर भित्तामा पुर्‍याएको घटना सम्झिन्छिन्। अनि आफन्तलाई भन्ने गर्छिन्, 'पानीले किन हान्यो ?'

उनका आफन्त तथा अस्पतालका चिकित्सकले घटनाको यथार्थ बताएका छैनन्। गोसाइँकुण्डको पानी फुटेर आएको भन्दै जवाफ दिने गरेका छन्। चिकित्सकका अनुसार उनलाई मानसिक आघात परेको छ।

भग्नावशेषमा पुरिएको अवस्थामा उनको एक्स्काभेटरको मद्दतले उद्धार गरिरहेका बेला नै गुणमायाका आफन्त र प्रहरी/सेनाले आशा मारिसकेका थिए। तर, जीवितै उद्धार गर्न पाउँदा चमत्कारजस्तै भएको छ। उनको मानसिक स्वास्थ्यमा केही असर परे पनि खानपानदेखि अन्य स्वास्थ्य भने सामान्य छ।

नुवाकोटको सूर्यगढीमा विवाह भएर जाँदा उनी ८ वर्षकी थिइन्। त्यतिबेला बालविवाह सामान्य मानिन्थ्यो उनका श्रीमान् होमप्रसाद बोहरा पनि सानै थिए। विवाहको ८ वर्षपछि उनी बिते। त्यसको चार वर्षपछि गुणमायाका बुबाआमा पनि रहेनन्। केही वर्षपछि दाजु पनि बिते। २० वर्षको उमेर नपुग्दै उनको रगतको नाता पर्ने कोही पनि बाँकी रहेनन्। १४ वर्षदेखि उनी देवीघाटस्थित ज्येष्ठ नागरिक प्रतिष्ठानको वृद्धाश्रममा बस्दै आएकी छन्।

टी-सर्ट हल्लाएर मागे गुहार, नेपाली सेनाले गर्‍यो उद्धार

भोटेकोशीमा आएको बाढीका कारण घरमा थुनिएका एक बालकले टी-सर्ट हल्लाएर मद्दत मागे। नेपाली सेनाले हेलिकप्टरमार्फत उनको उद्धार पनि गर्‍यो।

विनाशकारी बाढीका क्रममा रसुवाको प्रभावित क्षेत्रमा ती बालक घरको छतमा फसेका थिए। नेपाली सेनाको हेलिकोप्टर टोलीले रसुवा र आसपासका भोटेकोशी, टिमुरे, स्याफ्रुबेसी तथा मैलुङ क्षेत्रमा सञ्चालन गरेको आकस्मिक हवाई उद्धार अभियानका क्रममा ती बालकको कुशल उद्धार गरिएको हो।

बाढीका कारण घरको चारैतिर पानीको बहाव तीव्र थियो। घरबाट बाहिर निस्कने अवस्था नभएपछि बालक छतमा पुगेका थिए। उनले हात हल्लाउँदै पटक-पटक उद्धारका लागि संकेत गरे पनि तत्काल उद्धारकर्ताको ध्यान जान सकेन।

पछि बालकले आफ्नो टी-सर्ट हल्लाउँदै उद्धारका लागि संकेत गरे। सो क्रममा नेपाली सेनाको उद्धार टोलीले उनलाई देखेपछि हेलिकोप्टरमार्फत उद्धार गरिएको थियो।

हेलिकोप्टर बालक बसेको घरको छत नजिक पुगेपछि उनले छतको किनारमा गएर हेलिकोप्टरको ल्यान्डिङ स्किड समातेका थिए। त्यसपछि हेलिकोप्टरमा रहेका नेपाली सेनाका जवानले बालकको हात समातेर उनलाई तानेका थिए।

जवानको सहयोगमा बालकलाई सुरक्षित रूपमा हेलिकोप्टरभित्र ल्याइएपछि घटनास्थलमा रहेका मानिसहरूले ताली बजाउँदै खुसी व्यक्त गरेका थिए। घरको छतबाट बालकलाई हेलिकोप्टरमार्फत उद्धार गरिएको उक्त दृश्य अहिले सामाजिक सञ्जालमा चर्चामा छ। उद्धारमा खटिएको नेपाली सेनाको टोली र हेलिकोप्टर चालक दलको कामको प्रशंसा भइरहेको छ।

जोखिम मोलेर हिलोबाट उद्धार

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले जोखिम मोलेर उद्धार कार्यलाई निरन्तरता दिएको छ। सुरक्षा निकायले सार्वजनिक गरेका भिडियोहरूमा पनि जोखिम मोलेर उद्धार गरिएका विभिन्न दृश्यहरू देख्न सकिन्छ। सार्वजनिक भएका भिडियोमध्ये केहीले नेपालको सुरक्षा निकाय विपद्का बेला कसरी परिचालित हुन्छन् भन्ने देखाउँछन्।

त्यस्तै, घटनामध्ये नेपाली सेनाका सुरक्षाकर्मीले हिलो तथा पानी जमेको क्षेत्रमा एक वृद्ध व्यक्तिलाई सुरक्षित स्थानतर्फ लैजाँदै गरेको भिडियोले सबैको ध्यान खिचेको छ। उद्धारका क्रममा सुरक्षाकर्मीहरू घुँडासम्म हिलोमा डुबेर वृद्धलाई बीचमा राखी दुईतर्फबाट समातेर अघि बढिरहेका छन्।

विपद्को कठिन घडीमा नागरिकको जीवनरक्षाका लागि खटिएको उनीहरूको भूमिकाले देश र जनताप्रतिको जिम्मेवारी झल्काउँछ। तस्बिरमा बाढीका कारण ठूलो रुख ढलेको तथा आसपासको क्षेत्र हिलो र पानीले भरिएको देखिन्छ। यस्तो अवस्थामा उद्धारका लागि सुरक्षाकर्मीले स्थानीयको सुरक्षालाई प्राथमिकतामा राख्दै जोखिमपूर्ण स्थानमा समेत परिचालन भइरहेको देखिन्छ।

सेनाले सार्वजनिक गरेको अर्को भिडियोमा हिलोमा फसेका एक व्यक्तिलाई हात समातेर सुरक्षित स्थानतर्फ ल्याउँदै गरेको देखिन्छ। प्रतिकूल अवस्था र जोखिमका बीच सेनाका जवानहरू उद्धार कार्यमा खटिएका छन्।

भोटेकोशीमा आएको बाढीपछि प्रभावित क्षेत्रमा खोज तथा उद्धारलाई प्राथमिकता दिँदै नेपाली सेनासहित सुरक्षा निकाय परिचालन गरिएको छ। घटनाबाट प्रभावित तथा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यसमेत अघि बढाइएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहले समेत संसदमा सम्बोधन गर्ने क्रममा हामीसँग प्रविधिको अभाव रहेको स्वीकार गरे। सुरुङभित्रबाट उद्धार गर्न अझ कठिन भएको उनको भनाइ थियो। यस्तो स्थितिमा पनि सुरक्षा निकायले भारत, चीन, कोरियाका टनेल रेस्क्यु टिमसँग मिलेर खोज तथा उद्धार कार्यमा प्रयत्न गरिरहेको छ।

२१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालित

बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण तथा शव व्यवस्थापनका लागि २१ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जनशक्ति संयुक्त रूपमा उद्धार तथा राहत कार्यमा खटिएका छन्।

प्रभावित क्षेत्रमा नेपाली सेनाका ९ हजार ३ सयभन्दा बढी, नेपाल प्रहरीका ७ हजार ९१२ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ सुरक्षाकर्मी परिचालन गरिएको छ। तीनवटै सुरक्षा निकायका टोलीले आ-आफ्नो जिम्मेवारीअनुसार बाढी तथा पहिरो प्रभावित क्षेत्रमा बेपत्ताको खोजी, घाइतेको उद्धार, शव व्यवस्थापन, राहत वितरण, सडक सञ्चालन तथा आपत्कालीन उपचारलगायतका काम गरिरहेका छन्।

टनेलभित्र फसेका व्यक्तिको खोज तथा उद्धारका लागि नेपाली सेनाको नेतृत्वमा विभिन्न जलविद्युत् आयोजनामा संयुक्त टोली परिचालन गरिएको छ। लाङटाङ हाइड्रोमा विदेशीसहित २५ जनाको संयुक्त टोलीले टनेलभित्र करिब १५० मिटरसम्म प्रवेश गरी दुई स्थानमा साना प्वाल बनाएर खोजी गरिरहेको छ। चिलिमे हाइड्रोमा पनि विदेशीसहितको संयुक्त टोलीले खोज तथा उद्धार कार्य जारी राखेको छ।

त्रिशूली-३ए आयोजनामा ९३ जनाको संयुक्त उद्धार टोलीले पाँचवटा एक्स्काभेटर प्रयोग गरी टनेलको आउटलेटमा जम्मा भएको लेदो तथा माटो हटाइरहेको छ। राति करिब २ बजे आउटलेटको प्वाल ठूलो बनाउन क्राउनमा ब्लास्टिङ गरी सफा गर्ने कार्यसमेत गरिएको छ।

त्रिशूली-३बी आयोजनामा नेपाली सेनाका ८९ जना, गैरसैनिक तीनजना तथा आयोजनाका प्रबन्ध निर्देशकसहितको संयुक्त टोली परिचालन गरिएको छ। टोलीले आयोजनाको कार्यालय तथा निवास पहिचान गरी उक्त क्षेत्रमा पुग्न एक्स्काभेटर र बबक्याट प्रयोग गरेर बाटो निर्माण तथा माटो हटाउने काम गरिरहेको छ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका टोली प्रभावित बस्ती, जंगल, डाँडाकाँडा तथा खोला क्षेत्रमा समेत परिचालन भएका छन्। उनीहरूले जोखिममा रहेका स्थानीयवासीलाई सुरक्षित स्थानमा पुर्‍याउने, बेपत्ताको खोजी गर्ने तथा आवश्यक उद्धार कार्य गरिरहेका छन्।

त्रिशूलीपारिको कोलोनीदेखि तुप्चे, सोले बजार तथा नुवाकोटका विभिन्न स्थानमा खोज तथा उद्धार कार्य जारी छ। स्याफ्रुबेसी क्षेत्रमा पनि तीनवटै सुरक्षा निकायको संयुक्त टोली परिचालन गरिएको छ। नेपाली सेनाको चिकित्सक अधिकृतसहितको टोलीले प्रभावित क्षेत्रमा पैदल गस्तीमार्फत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। नुवाकोटको पिपलटार र देवघाटस्थित होल्डिङ सेन्टरमा सम्भावित संक्रमण फैलिन नदिन सचेतनामूलक कक्षासमेत सञ्चालन गरिएको छ।

बाढी तथा पहिरोबाट अवरुद्ध सडक खुलाउने, घाइतेलाई अस्पतालसम्म पुर्‍याउने, शव व्यवस्थापनमा सहयोग गर्ने तथा प्रभावित परिवारलाई राहत सामग्री उपलब्ध गराउने कार्यमा समेत सुरक्षाकर्मी परिचालन भएका छन्।

टिमुरेमा सशस्त्रले देखाएको साहस

भोटेकोशी नदीमा आएको बाढीले रसुवाको टिमुरेमा कार्यरत कमान्डरसहितको सुरक्षाकर्मी गुमाउँदा पनि सशस्त्र प्रहरी विचलित नभई उद्धार कार्यमा खटिएको छ। विनाशकारी बाढीमा परी नेपाल बोर्डर आउट पोस्ट टिमुरेमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक अम्बिर खत्रीसहित नौजना र त्रिशुली जलविद्युत् आयोजना सुरक्षा बेस मैलुङमा कार्यरत चारजना गरी १३ जना सशस्त्र प्रहरी कर्मचारी बेपत्ता थिए। ड्युटीमा निस्किएका कमान्डर खत्री र डेपुटी कमाण्डमा रहेका नायब निरीक्षक प्रकाश न्यौपानेसहितको टोली गुमाउँदा पनि सशस्त्र प्रहरी सहायक निरीक्षक तामबहादुर थापामगरले तुरुन्त कमान्ड सम्हालेर सुरक्षा फौज सुरक्षित गरेका थिए।

बेपत्ता भएकामध्ये सशस्त्र प्रहरी जवान साजन कुँवरको शव पूर्वी नवलपरासीमा फेला परेको थियो भने अन्य सशस्त्र प्रहरी कर्मचारीहरु अझै हराइरहेका छन्।

बाढी गएको झन्डै २४ घण्टासम्म सरकारी कार्यालयको नाममा सशस्त्र प्रहरी बलको बिओपी मात्र बाँकी रह्यो। जुन टोली करिब २४ घन्टासम्म प्रधान कार्यालयको समेत सम्पर्कमा आउन सकेन। बिजुली र टेलिफोन अवरुद्ध हुँदा सम्पर्कविहीन कमान्डर गुमाएको फौजले आफ्नो कर्तव्य भने चुपचाप पूरा गरिरह्यो। भोलिपल्ट भदौ ११ गते धुन्चेबाट सो क्षेत्रमा बाढीपीडितको खोज तथा उद्धारको लागि सशस्त्र प्रहरी निरीक्षक सन्जु खत्रीको कमाण्डमा थप टोली पठाइएको थियो। टोलीले सो क्षेत्रमा बेपत्ता भएका ९८ जनाको शव फेला पारेका छन्।

बाढीपहिरोले स्याफ्रुबेसीदेखि रसुवागढी सडकखण्ड लगायतका मुख्य राजमार्गका करिब ४१ भन्दा बढी पुल बगाएको छ भने भौगोलिक विकटता, विद्युत् आपूर्ति अवरुद्ध भएको कारण त्यस क्षेत्रमा बेपत्ता भएका व्यक्तिलाई सम्पर्क गर्न समेत कठिनाइ परेको छ। उक्त क्षेत्रमा हालसम्म कुनै कार्यालय तथा घर सग्ला छैनन्।

बाढीमा परी सम्पर्कविहीन भएकाहरूको खोजी कार्यको लागि सशस्त्र प्रहरीले ४२ सयभन्दा बढी जनशक्ति परिचालन गरेको छ। बाढीप्रभावित क्षेत्र धादिङको मलेखु र गल्छी, नुवाकोटको देवीघाट, कोलोनी, रातमाटे, तारकेश्वर, बेत्रावती र तारुका तथा रसुवाको त्रिशुली हाइड्रो ३ए, त्रिशुली हाइड्रो ३बी, स्याफ्रुबेशी र बोगटिटारमा गरी १२ वटा बेस स्थापना गरी खोज तथा उद्धार कार्यलाई तीव्रता दिएको छ।

विपदमा...

सम्बन्धित निकायसँग निरन्तर संवाद र सहजीकरणमा छन्। 'म आफैंलाई सम्हाल्न गाह्रो भइरहेको थियो,' उनले मध्यान्हसँग भने, 'तर आफ्नो पालिकाका नागरिक बचाउने जिम्मेवारी बोधका पनि सँगै थियो। टेलिफोन संवादमार्फत आवश्यक समन्वय र सहकार्यका लागि सम्बद्ध सबै पक्षसँग निरन्तर लागेर हामीले उद्धार गरेका छौं। राहत वितरणमा पनि निरन्तर सक्रिय छौं।'

रसुवामा सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएकाले भौगोलिक रूपमा पूर्णतः आइसोलेटेड (सम्पर्कविहीन) अवस्थामा पनि स्थानीय तहका जनप्रतिनिधिले सबै शक्ति प्रयोग गरेर नागरिक बचाउने प्रयास गरेको तामाङले बताए। 'सुरुको चरणमा संघीय सरकारको भरपर्ने अवस्था रहेन, स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी नै बढी खटिनु पर्‍यो। बाढी आएको थाहा पाएलगत्तै नदीतटीय क्षेत्रका बस्तीमा सन्देश पठाउनेदेखि बाढीपछिको खोज उद्धार र राहत वितरणमा समेत स्थानीय सरकारले दिलो ज्यान दिएर काम गरेको छ,' तामाङले भने। केन्द्रीय सरकारले पठाएको राहतसमेत धेरै दिन सेनाको क्याम्पमा अड्किएको रसुवाका स्थानीय जनप्रतिनिधिको गुनासो छ। 'पालिकाले आफ्ना नागरिकलाई परेको विपत्तिमा सक्दो प्रयास गरिरहेको भए पनि स्रोतसाधनको अभाव छ,' उनले भने। प्रभावित क्षेत्रमा राहत पुर्‍याउन हेलिकोप्टरको भर गर्नुपर्ने अवस्था रहेको र सञ्चार सम्बन्धसमेत विच्छेद भएकाले उद्धारमा समस्या भएको उनीहरूले बताएका छन्।

दुर्गन्धित शव व्यवस्थापनमा आफैं खटिएँ : बद्री रिमाल वडाअध्यक्ष, विदुर नगरपालिका वडा नम्बर-३

भदौ १० गते भोटेकोशी बाढी आएको सूचना मेयरसापमार्फत आयो। मैले जहाँ जहाँ फोन लाग्यो, सबै ती फोनमार्फत सुरक्षित स्थलमा जान सूचना गरेँ। म आफैं खोला छेउछाउका बस्तीमा पुगेर बाढी आउँदै छ, माथि आउनुस् भनेर चिच्याएँ। एकैछिनमा बाढी बेत्रावती आइपुग्यो। म पनि सेफ भएँ म अलि डाँडातिर गएर बसेँ फोन घुमाएर सबैलाई जानकारी गराएर। यहाँका स्वयंसेवक राजनीतिक दलका साथीहरू सबैले सहयोग गर्नुभयो।

जग्गाजमिन घरहरू सबै लग्यो, म पनि पारिपट्टि अड्किएँ त्यो दिन बेलुका। त्यहाँबाट यता करिब नौ घण्टा लगाएर भोलिपल्ट बिहान आफ्नो वडामा आइपुगेँ। सञ्चारमाध्यमबाट पनि हारगुहार मागेँ। हाम्रोमा १४ गते मात्रै सशस्त्र प्रहरी आए। त्यसपछि छरपस्ट शव गन्हाउने अवस्था थियो। पूरै दुर्गन्धित भइसकेको अवस्था थियो। शव व्यवस्थापन गरियो। कोहीको टाउको छैनन् कसैको जिउ छैनन् त्यस्तो अवस्था थियो। समयमा हेलिकोप्टर आएन, गाडीबाट शव व्यवस्थापन गर्न सक्ने सम्भावना थिएन। १५ गतेपछि हामीले शव व्यवस्थापन गर्न सुरु गर्‍यौं। शवहरू चिन्ने अवस्था छैन, सबै फुलेर सय डेढ सय किलोसम्म वजन भएको अवस्थामा हामी आफैं खटेर प्याक गर्‍यौं। अझै पनि यो क्रम जारी छ।

व्यक्तिगत र संघ संस्थाका साथीहरूले अहिले फोनमा जोडिनुभएको छ। उहाँहरूले ल्याएको राहतले पूर्ण पीडित परिवारलाई उपलब्ध गराइसकेका छौं। स्थानीय पालिकाले वडाले पनि सहयोग गरेको छ।

अब खेतबारी केही नभएकालाई राहतको आवश्यकता छ। राहतसँगै मुख्य कुरा पुनर्स्थापन र पुनर्वासको व्यवस्था गनुपर्ने अवस्था छ। यस वडामा मात्रै ६ हजार खेतबारी बगर बनेका छन्। मानवीय क्षतिअन्तर्गत मेरो वडाको जम्मा आठजना बेपत्ता बनाएको छ। उहाँहरू अहिलेसम्म सम्पर्कमा हुनुहुन्न।

१४ गतेदेखि नेपाल प्रहरी सशस्त्र प्रहरीका साथीहरू आउनुभयो र उहाँहरूको सहयोगमा खोलामा शव व्यवस्थापनमा लाग्यौं। म आफैंले सर्वदलीय समिति बनाएर राहत वितरणको जिम्मा दिएको छु। मैले १० चोटि फोन गरेँ, संघीय सरकारको प्रतिनिधि सिडिओ साबले अहिलेसम्म फोन नै उठाउनुभएको छैन। के कारण हो त्यो उहाँलाई नै थाहा होला। प्रदेशबाट आउने नेपाल प्रहरी र सशस्त्र प्रहरीका डिआईजीहरूसँग मेरो सम्पर्क निरन्तर भइरहेको छ। खोज उद्धार र राहतका काममा हामी आफ्नो ज्यानको बाजी राखेर पनि नागरिकका लागि अहोरात्र खटेका छौं।

माइकिङ गर्न जाँदा कर्मचारी गुमायौं : अमरबहादुर बुलुन
वडा अध्यक्ष, उत्तरगया ४ रसुवा

भाद्र १० गतेको बिहान ९ बजेतिर गाउँपालिकामा शिक्षा समितिको मिटिङ थियो। म घरबाट हिँडेर कालिकास्थान नपुग्दै जिल्लाबाट सहायक सिडिओ सरको फोन आयो। उहाँले एकदम हतारमा भन्नुभयो- माथिबाट भोटेकोशी ठुलो मात्रामा आएको छ।

मेरो वडाको पहिरे बस्ती भोटेकोशीको किनारमा पर्छ। उहाँले त्यस्तो भन्नुभएपछि पहिरे बस्तीमा वडा सदस्यलाई फोन गरेँ। बस्तीका मानिसलाई सुरक्षित स्थानमा जानका लागि भन्दिनुपर्‍यो भनेँ। आफैंले पनि स्थानीय नागरिक, जसको फोन लाग्यो उहाँहरूलाई फोन गरेर चाँडोभन्दा चाँडो सुरक्षित स्थानमा जान भनेँ। एकाएक मोबाइल नेटवर्क डिस्टर्ब भयो।

म बाइकमा कालीकास्थान मात्रै के पुगेको थिएँ, हेर्दाहेर्दै कैयौं घरबस्ती र मान्छेहरू बगायो। बाढीले बगाएर घाइते भएको र बाँच्न सफल भएकाहरूलाई हामीले उद्धार गर्‍यौं।

उत्तरगया गाउँपालिकाका कर्मचारीले ९ बजे कार्यालय खोलिसकेका थिए। त्यहाँ हाम्रो खाल्टे बस्ती भन्ने छ। त्यो बस्तीमा माइक गर्न जाँदै गर्दा गाउँपालिकाको स्वास्थ्य अधिकृत, स्वास्थ्य सहायक प्रमुख र आइटी एकजना गरी तीनजनालाई अहिलेसम्म बेपत्ता हुनुहुन्छ। खाल्टे बस्तीमा एकजना कार्यपालिका सदस्यसमेत बेपत्ता हुनुभयो। सिडिओ, आर्मीको कर्णेललाई अनुरोध गर्दै गर्दा पनि हेलिकोप्टर आएन। हेलिकोप्टर नआएपछि घाइतेलाई उद्धार गर्न गाह्रो भयो। हामीले कालिकास्थानको आर्मी ब्यारेकको छेउमा हेलिहेलिप्याड छ। त्यहाँ पठायौं, तर पनि उहाँहरूले उद्धार गर्दिनुभएन। त्यसपछि बिरामीलाई बोलेरोमा हालेर अस्पताल पुर्‍यायौं। मेरो आफ्नो भाइ पनि आजसम्म सम्पर्कविहीन छ। रसुवागढी केरुङ नाकामा उसको लास्ट लोकेसन देखाउँछ। घाइतेलाई अस्पतालमा लगिसकेपछि म भाइको खोजीमा लागेँ। माथि गएँ, तर भेट्न सकिएन। घटना घटेको चार-पाँच दिनसम्म माथिको निर्देशन छैन भनेर सेना र प्रशासन आएनन्। पछिल्लो दुई दिनयता घटनास्थलमा आर्मी र सशस्त्रहरू आइपुगेका छन्। सुरक्षा थ्रेट भयो, घरहरूबाट चोरी हुने, मृतकको घाँटीमा भएको सुन चोर्ने, कानमा भएको रिङ चोर्ने, औंठी चोर्ने भएपछि हामीले जिल्ला प्रशासनलाई अनुरोध गर्‍यौं। त्यसपछि मात्रै उहाँहरू आउनुभएको छ।

राहत वितरण जनप्रतिनिधि र गाउँपालिका कर्मचारीले गरिराखेको छ। संघीय सरकारको प्रभाव रहेन। बल्ल दुई दिनअघि देखि उद्धार गर्न थालिएको छ। आर्मीको जिम्मामा छ। त्यसको वास्तविक तथ्यांकसमेत आएको छैन। हाम्रो वडाका ७८ जना बेपत्ता हुनुहुन्छ। अहिलेको मुख्य समस्या राहतसँगै पुनर्स्थापना र पुनर्वासको हो। रसुवा जिल्लाको एक्सेस हुने सबै सडक सञ्जालहरू टुटेको छ। नेपाल सरकारले छिटोभन्दा छिटो वैकल्पिक बाटोहरूलाई प्राथमिकता दिनुपर्ने स्थिति छ।

पूर्वसूचना गरेर मानवीय क्षति हुन दिएनौं : दीपक कार्की
वडा नम्बर ६ गल्छी, धादिङ

मलाई ९:३६ मिनेटमा बेलकोटगढी नगरपालिका वडा नम्बर-५ का अध्यक्ष मदन भुजेलबाट 'बाढी आयो, होसियार हुनुस् है' भनेर फोन आयो। मैले तत्काल सेनालाई सम्पर्क गरेँ। त्यहाँबाट पहिला माइकिङ गराएँ। अनि स्कुलस्कुलमा फोन गर्न थालेँ र बजारमा आफैं कुदेँ। बाढी आउनुभन्दा करिब १० मिनेटअघि नै पूरै बजारबाट मानिस उठाइसकेका थियौं। हामीले सूचना पाएको ५३-५४ मिनेटमा साढे १० बजे बाढी आइपुग्यो ।

हाम्रो पालिकाभित्र नै कुनै मानवीय क्षति हुन पाएन भौतिक क्षति मात्रै भयो। बल्ल बल्ल ३ बजे बाढी हल्का भयो। हामी २ बजे नै कार्यपालिकाको आपत्कालीन बैठक बसेर राहत र व्यवस्थापनका विषयमा निर्णय गर्‍यौं। पहिले, प्रतिधुरी १० हजारका दरले वितरण गर्‍यौं। ११ गते बिहान विभागीय जिम्मेवारी छुट्याएर राहत वितरणमा लाग्यौं। अफिसमा पैसा थिएन नजिकै सहकारी बाट ऋण लिएर राहत रकम बाड्यौं।

१३ गते संघीय सांसद आशिका तामाङ आएर राहत किन नबाँड्या ? भन्नुभयो। राहत कहाँबाट आउँछ र हामीले बाँड्ने ? हामीसँग जे छ, त्यही बाँड्ने हो। हामीसँग पैसा थियो पैसा बाड्यौं भन्यौं। अलिकति उहाँसँग हाम्रो डिस्कस पनि भयो। १६ गते संघीय सरकारबाट राहत आयो हामीले आवश्यकताका आधारमा बाड्यौं। विभिन्न संघसंस्था पार्टीका भ्रातृसंगठनका प्रतिनिधि सबैले र स्वयंसेवी रूपमा सहयोग गरे।

विद्यालय, अस्पताललगायतमा क्षति भएको छ। हाम्रोमा २७७ जना विस्थापित घरधुरी छन्। धादिङभरका करिब १ सय घरपरिवारलाई स्थानान्तरण गर्नुपर्नेछ। राहत आवश्यक छैन। विद्यालय र स्वास्थ्यचौकी बनाउनुपर्नेछ। एउटा संस्थाले ५० वटा बनाइदिने भइसकेको छ। बाढीको पीडालाई बिस्तारै मल्हम लगाउने चरणमा छौं।

बल्ल...

लागि अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध प्रविधि र विशेषज्ञताको प्रयोग गर्न सकिने सुझाउँदै आएका छन्।

यस पृष्ठभूमिमा प्रधानमन्त्री बालेन बाढीपछिको खोज, उद्धार र पुनर्स्थापनाका विषयमा विज्ञ तथा राजनीतिक नेतासँग छलफल थालेका हुन्। घिसिङका अनुसार भेटमा प्रधानमन्त्री बालेनले सुरुङमार्गमा फसेकाहरूको उद्धार कसरी गर्न सकिन्छ भन्ने विषयमा सुझाव मागेका थिए। बाढीबाट क्षतिग्रस्त पूर्वाधारलाई कसरी पुनः सञ्चालन गर्ने भन्ने विषयमा समेत छलफल भएको छ।

प्रधानमन्त्रीको सचिवालका अनुसार रणनीतिक रूपमा नै परामर्श सुरु गरिएको हो। अर्थात्, विपद्को सामना गर्न एक्लै सकिँदैन भन्ने निचोडमा पुगेपछि सरकारले एकातिर बाह्य सहयोग खुला गर्‍यो। अर्कोतिर प्रधानमन्त्री बालेन विज्ञ र राजनीतिक दलका नेताहरूसँग संवादमा जुटेका हुन्।

विनाशकारी बाढीपछि जलविद्युत् आयोजनाका टनेल (सुरुङ)हरूमा फसेका कामदारहरूको उद्धारका लागि सरकारले सुरुमै विदेशी विशेषज्ञ र सहायता लिएन। सरकारले आफैं प्रयास गर्‍यो। तर, विपद् आएको पाँच दिनपछि सरकारले विदेशी टनेल उद्धार टोलीहरूलाई अनुमति दिएको थियो। यस पृष्ठभूमिमा उद्धार कार्यमा विदेशी टोली र प्रविधि लिन किन ढिलाइ गरेको भनेर प्रश्न उठेको थियो ।

यति ठुलो विपद् पर्दा अन्तर्राष्ट्रिय सहयोग किन नलिएको भन्ने प्रश्नलाई बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्ने क्रममा प्रधानमन्त्री बालेनले संसद्मा सम्बोधन गरेका थिए। तर, उनले विदेशी सहयोग लिन ढिलाइ गरेको भन्ने टिप्पणी स्वीकार गरेका थिएनन्। उनले भनेका थिए, 'प्रभावित क्षेत्रमा आवश्यकताअनुसार सहयोग लिन सुरुवातदेखि नै हामीले अन्तर्राष्ट्रिय मुलुकहरूसँग समन्वय गरेकै थियौं। प्रक्रियासमेत छोटो गराएर अन्तर्राष्ट्रिय सहयोग लिने प्रयास गरेका थियौं।' एकातिर विदेशी प्राविधिक सहयोग लिन ढिलाइ गरको र अर्कोतिर सुरुङहरूमा खोज र उद्धारमा ढिलाइ भएपछि सरकारले विभिन्न प्रश्नको सामना गर्नुपर्‍यो।

प्रधानमन्त्रीका अनुसार विपद्पछि सरकारले सुरुमा आन्तरिक क्षमतामै विश्वास देखाएको थियो। सरकार र सुरक्षा निकायहरूले सुरुमा आफ्नै सुरक्षा फौज नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग विपद् व्यवस्थापन र उद्धारको पर्याप्त क्षमता रहेको दाबी गरेको थियो। यसअनुसार सरकारले सुरुमा प्रभावित जलविद्युत् आयोजनाहरूमा उद्धारको सम्पूर्ण जिम्मेवारी नेपाली सेनाको एकल कमान्डमा सुरु गरेको थियो। प्रभावित क्षेत्रमा सुरुमै निजी प्रवर्धक र अन्तर्राष्ट्रिय प्राविधिकलाई स्वतन्त्र रूपमा उपकरणसहित परिचालन हुन दिइएन।

परराष्ट्र मन्त्रालय र सरोकारवाला निकायले सुरुमा प्रत्यक्ष विदेशी उद्धार टोली परिचालन गर्नुको सट्टा आर्थिक र राहत सामग्रीको सहयोगलाई प्राथमिकता दिए।

तर, टनेलभित्र जमेको लेदो, हिलो र कठिन भौगोलिक अवस्थाका कारण नेपाली टोली मात्रै पर्याप्त हुन सकेन। साथै, बाढीमा विभिन्न देशका नागरिकसमेत बेपत्ता भएका थिए। यस अवस्थामा विदेशी दूतावासहरूको कूटनीतिक दबाब पनि बढ्यो। यसपछि सरकार सुरुको नीति बदलेर विदेशी प्राविधिक लिन सहमत भएको हो। यसअनुसार हाल प्रभावित विद्युत आयोजनाका सुरुङहरूमा नेपाली सेनाको नेतृत्वमा अन्तर्राष्ट्रिय विज्ञसहितको टोलीले खोज तथा उद्धार जारी राखेको छ।

अर्थात्, बाढीपछिको खोज, उद्धार, राहत र पुनर्स्थापनामा सरकारको कार्यशैलीमाथि प्रश्न बढ्दै गएपछि प्रधानमन्त्री शाहले बल्ल विज्ञ तथा अनुभवी राजनीतिक नेतृत्वसँग परामर्श थालेका हुन्। दुवैले प्रधानमन्त्री बालेनलाई विपद्पछिको खोज, उद्धार, राहत वितरण र पुनर्स्थापनासम्म सरकारले गर्न सक्ने र गर्नुपर्ने काम र योजनाबारे सुझाव दिएका छन्।

प्रधानमन्त्री...

निम्त्याएको ठुलो संकटपछि प्रधानमन्त्री आफैं विश्वमञ्चमा जानुपर्ने दबाब प्रधानमन्त्रीले स्वीकार गरेको उनको सचिवालयले जनाएको छ। उक्त बाढीका कारण २० लाखभन्दा बढी नागरिक प्रभावित भएका छन्।

बिहीबार संसद्मा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका मनीष झा र नेकपाका वर्षमान पुनलगायत संसद्का विभिन्न राजनीतिक दलका नेताहरूले जलवायु संकटको यो संवेदनशील घडीमा प्रधानमन्त्रीले नै नेपालको प्रतिनिधित्व गर्नुपर्ने सुझाएका थिए।

प्रधानमन्त्रीको सचिवालयबाट निर्देशन आएलगत्तै परराष्ट्र मन्त्रालयले न्युयोर्क भ्रमणको आवश्यक तयारी सुरु गरिसकेको छ। प्रधानमन्त्री कार्यालयले भ्रमणलाई संक्षिप्त र प्रतिनिधिमण्डलको आकारलाई निकै सानो राख्न निर्देशन दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्री शाहले बुधबार मात्रै प्रतिनिधिसभालाई भोटेकोशी विपद् र सरकारको उद्धार कार्यबारे जानकारी गराउँदै हिमालय क्षेत्रमा बढेको तापमान र जलवायु परिवर्तन विश्वकै साझा चुनौती भएको बताएका थिए। उनले नेपालले भोगिरहेको यो संकटका लागि अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय र क्षतिपूर्तिको अधिकार जोडदार रूपमा उठाउने बताएका थिए।

संयुक्त राष्ट्रसंघको महासभाको औपचारिक सुरुवात भदौ २३ गते (सेप्टेम्बर ८) देखि हुनेछ। उच्चस्तरीय बहस असोज ६ गते (सेप्टेम्बर २२) बाट हुनेछ। गत चैत १३ गते मुलुकको कार्यकारी प्रमुखको कार्यभार सम्हालेका प्रधानमन्त्री शाहको यो पहिलो विदेश भ्रमण हुनेछ।

संघद्वारा ....

विषयलाई गम्भीर रूपमा उठाइएको संघले उल्लेख गरेको छ। एफडब्लुसिएमएस प्रणालीमार्फत २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्थालाई छनोट गर्ने मापदण्ड, त्यसको आधिकारिकता, पारदर्शिता, निष्पक्षता तथा विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको भन्दै संघले यसको निष्पक्ष छानबिन गरी दोषी व्यक्ति वा संस्थामाथि हदैसम्मको कानुनी कारबाही अघि बढाउन सभापति लामिछानेसमक्ष माग गरेको थियो। जवाफमा सभापति लामिछानेले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको अध्यक्ष खत्रीले मध्यान्हलाई जानकारी दिए।

सो क्रममा संघले वैदेशिक रोजगार क्षेत्रमा एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा र सीमित समूहको प्रभाव स्थापित हुने कुनै पनि प्रयासले श्रमिक, व्यवसायी तथा दुई देशबीचको श्रम सम्बन्धमा समेत नकारात्मक असर पार्न सक्ने भन्दै जुनसुकै प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसरमा आधारित हुनुपर्ने संघको स्पष्ट धारणा रहेको बताएको छ।

श्रमिकको हित, व्यवसायीको समान अधिकार र वैदेशिक रोजगार क्षेत्रको संस्थागत सुधारका लागि राजनीतिक दल, सरकार र सरोकारवाला सबै पक्षबीच सहकार्य आवश्यक रहेको विषयमा समेत छलफल भएको संघको भनाइ छ। संघ कार्यसमितिका पदाधिकारी र सदस्यसहितको छलफलमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, महासचिव कुन्छादोर्जे दिमदोङ, कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता देवराज कटुवाललगायतको सहभागिता रहेको थियो। संघ मलेसियालगायतका मुलुकमा हुने सिन्डिकेट लगायतका विषयमा कडा प्रतिरोधमा देखिएको छ। उक्त विषयका अतिरिक्त सेवाशुल्क परिमार्जनलगायतका विषयमा पनि सभापति लामिछानेसँग छलफल भएको बताइएको छ। रास्वपाको नेतृत्वमा सरकार बनेपछि संघले सभापति लामिछानेलाई पहिलोपटक भेटेको हो।

संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले वैदेशिक रोजगार व्यवसायीहरूको हकहित, व्यवसाय सञ्चालनमा देखिएका समस्या तथा श्रमिकको हितसँग सम्बन्धित संघले उठान गरेका १५ बुँदे मागका सम्बन्धमा समेत सभापति लामिछानेसँग विस्तृत रूपमा छलफल गरिएको जानकारी दिए।

मन्त्रिपरिषद् बैठक

भोटेकोशी बाढी प्रभावितलाई तत्काल राहतदेखि पुनरुत्थानसम्म

काठमाडौं/मस- नेपाल सरकारले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिक तथा व्यवसायको राहत, उद्धार र पुनरुत्थानलाई लक्षित गर्दै विभिन्न निर्णय गरेको छ। भदौ १८ गते बसेको मन्त्रिपरिषद् बैठकले बाढी प्रभावितको जीवनरक्षा तथा तत्कालीन आपत्कालीन उद्धार र राहतका लागि एसियाली विकास बैंक (एडिबी) बाट प्राप्त हुने ५ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

सरकारले भोटेकोशी बाढीबाट प्रभावित व्यक्ति, उद्योग, व्यापार तथा व्यवसायलाई तत्काल सञ्चालनमा ल्याउन एकीकृत व्यावसायिक पुनरुत्थान योजना लागू गर्ने भएको छ। योजनाअन्तर्गत राहत, कर तथा महसुल छुटलगायत विभिन्न सहुलियत तथा

सुविधा उपलब्ध गराउने निर्णय गरिएको छ। त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत २५ हजार मेट्रिक टन चिनी १ प्रतिशत भन्सार महसुलमा आयात गर्न स्वीकृति दिइएको छ।

बाढीपछि खोज तथा उद्धारमा खटिएका सुरक्षाकर्मी तथा राष्ट्रसेवक कर्मचारीका लागि पनि सरकारले विशेष सुविधा दिने निर्णय गरेको छ। उनीहरूलाई जोखिम भत्ता र खाजा खर्च उपलब्ध गराउनुका साथै घाइते भए निःशुल्क उपचार तथा औषधोपचारको व्यवस्था गरिनेछ। उद्धार कार्यमा खटिएका कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई प्रति मृतक १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय भएको छ। यसैगरी, भदौ २३ गते जेन्जी सहिद दिवसका अवसरमा देशभर सार्वजनिक बिदा दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

भदौ १० गते नेपाल-चीन सीमा क्षेत्रमा रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी ज्यान गुमाउने व्यक्तिहरूको सम्मानमा भदौ २२ गते राष्ट्रिय शोक मनाउने निर्णय पनि भएको छ। सो दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास र नियोगमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

मन्त्रिपरिषद्ले नेपाल प्रशासन सेवा, समूहगत राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा नारायणप्रसाद भट्टलाई बढुवा गर्ने निर्णयसमेत गरेको छ। उनलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय गरिएको छ।

गोदावरीका वडाध्यक्षद्वारा बाढीपीडितलाई ५ लाखबराबरको राहत वितरण

रामहरि कार्की/मध्यान्ह
नुवाकोट, १८ भदौ

रसुवाको भोटेकोसी नदीमा भदौ १० गते आएको बाढी र पहिरोका कारण धेरै परिवार घरबारविहीन भएका छन्। विपत्तिको यस घडीमा ललितपुरको गोदावरी नगरपालिका-३ का वडाध्यक्ष राज घिमिरेको टोली राहत सामग्री लिएर नुवाकोट पुगेको छ।

वडाध्यक्ष घिमिरे नेतृत्वको टोलीले बिहीबार नुवाकोटको विदुर

नगरपालिका-९, जफती (प्लास्टर क्षेत्र) का बाढीपीडितलाई भेटेर करिब ५ लाख रुपैयाँ बराबरको खाद्यान्न, लत्ताकपडा तथा अन्य अत्यावश्यक सामग्री वितरण गरेको हो। बाढी र पहिरोका कारण प्रभावित बनेका परिवारलाई लक्षित गरी खाद्यान्न, लुगाकपडालगायत दैनिक जीवनमा आवश्यक पर्ने सामग्री वितरण गरिएको टोलीले जनाएको छ। राहत पाएपछि स्थानीयले खुसी व्यक्त गर्दै विपत्तिको समयमा सहयोग लिएर प्रभावित क्षेत्रमा आइपुगेका वडाध्यक्ष घिमिरे तथा उनको टोलीलाई धन्यवाद दिएका छन्।

दोलखा उद्योग वाणिज्य संघद्वारा बाढीपीडितलाई २८५ थान ग्यास चुल्हो सहयोग

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, १८ भदौ

बाढीपहिरोका कारण प्रभावित बनेका नुवाकोटका नागरिक तथा व्यवसायीलाई राहत पुऱ्याउने उद्देश्यले दोलखाका व्यवसायीहरूले २ सय ८५ थान ग्यास चुल्हो सहयोग गरेका छन्।

दोलखा उद्योग वाणिज्य संघको अगुवाइमा जिल्लाका विभिन्न बजार तथा व्यवसायीबाट संकलन गरिएको ग्यास चुल्हो नुवाकोटका बाढीपीडितका लागि पठाइएको हो। विपद्को समयमा दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीको अभाव झेलिरहेका प्रभावित परिवारलाई केही राहत पुगोस् भन्ने उद्देश्यले ग्यास चुल्हो सहयोग गरिएको संघले जनाएको छ।

बाढीपहिरोका कारण नुवाकोटका विभिन्न क्षेत्रमा घर, व्यवसाय तथा अन्य भौतिक संरचनामा क्षति पुगेपछि प्रभावित परिवारको दैनिकीसमेत कठिन बनेको छ। यस्तो अवस्थामा खाना पकाउन आवश्यक पर्ने ग्यास चुल्हो सहयोगले प्रभावित परिवारलाई प्रत्यक्ष राहत पुग्ने

अपेक्षा गरिएको छ।

दोलखाका व्यवसायीहरूले आफ्नै जिल्लाभन्दा बाहिर विपद्मा परेका नागरिकलाई समेत सहयोग गर्ने उद्देश्यले राहत सामग्री जुटाएका हुन्। उद्योग वाणिज्य संघको पहलमा व्यवसायीहरूबाट सहयोग संकलन गरी २ सय ८५ थान ग्यास चुल्हो लिएर संघका अध्यक्ष सनत थापाको टोली नुवाकोट पुगेको हो।

बाढीपीडित नेपालीका लागि मलेसियाका व्यवसायी अजिजद्वारा १२ सय डलर सहयोग

क्वालालम्पुर/मस- नेपालको रसुवास्थित भोटेकोशीमा गत हप्ता आएको विनाशकारी बाढीबाट पीडित नेपालीहरूका लागि मलेसियाका एक व्यवसायीले १२ सय अमेरिकी डलर प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा योगदान गरेका छन्।

मलेसिया विमानस्थलमा कार्गो तथा सामान व्यवस्थापन तथा जनशक्ति आपूर्तिकर्ता मुतियारा कायामास एसडिएन बिएचडीका सञ्चालक दातो क्याप्टेन मोहम्मद युसुफ बिन आब्द अजिजले उक्त रकम पठाएका हुन्। आफ्नो कम्पनीमा धेरै नेपाली श्रमिकलाई रोजगारी उपलब्ध गराएका उनले नेपाली श्रमिकको योगदानको कदर र विपत्तिमा परेका नेपालीप्रतिको मायाले उक्त रकम पठाएको

MUTIARA KAYAMAS SDN.BHD

DATO' KAPTEN (B) MOHD YUSOFF BIN ABD AZIZ
DBNS
PJM PNBB PPA

दातो अजिज निकट एक नेपाली व्यवसायीले जानकारी दिए।

एक व्यवसायीले व्यक्तिगत रूपमा गरेको योगदान उल्लेख्य रहेको भन्दै नेपाली व्यवसायीहरूको सक्रिय पहल भएको अवस्थामा बाढीपीडित नेपालीहरूलाई मलेसियाबाट सहयोग संकलन हुने अवस्थासमेत रहेको दातो क्याप्टेन मोहम्मदलाई उद्धृत गर्दै ती नेपाली व्यवसायीले बताए।

ती व्यवसायीका अनुसार सन् २०१३ मा खोलिएको दातो अजिजको कम्पनी मोतिआरा कायोमासमा अहिलेसम्म हजारौं नेपालीले रोजगारी प्राप्त गरिसकेका छन्। बंगलादेशका व्यवसायीहरूबाट आएका प्रलोभनलाई नकारेर नेपाली श्रमिकहरूलाई नै आफ्नो कम्पनीमा भित्र्याएका दातो अजिजले अहिले नेपालमा आएको महाविपत्तिबाट भएको ठूलो जनधनको क्षतिले अत्यन्त दुःखित बनाएको बताएका छन्।

'मैले सहयोगस्वरूप प्रदान गर्ने रकम स्थानान्तरण गरिसकेको जानकारी गराउन चाहन्छु,' दातो अजिजले भने, 'मेरो यो सानो सहयोगले विपद्बाट प्रभावित व्यक्तिहरूलाई केही राहत पुग्नेछ भन्ने मेरो हार्दिक आशा छ।'

यस दुःखद् विपद्मा ज्यान गुमाउने सम्पूर्ण पीडितहरूप्रति श्रद्धाञ्जली तथा उनीहरूको परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै दातो अजिजले यस कठिन समयमा नेपालका सम्पूर्ण प्रभावित जनताप्रति आफ्नो साथ, सद्भावना र प्रार्थना रहेको बताए।

मलेसियाले सन् २००१ बाटै नेपाललाई श्रमिक स्रोत देशका रूपमा मान्यता दिएको थियो। त्यसयता हजारौं कम्पनीमा नेपाली श्रमिक कामदार रहेका छन्। नेपालमा हालै आएको विनाशकारी बाढी र पहिरोपछि मलेसियाले नेपाललाई १० लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने घोषणा गरेको छ। बाढीमा परी ५५ जना मलेसियाका नागरिक नेपालतर्फ हराइरहेका छन् भने ७७ जनाको उद्धार गरिएको छ।

कृष्णभीरमा सडक सञ्चालनका लागि रुख कटान सुरु

काठमाडौं/मस- भोटेकोसीको बाढीका कारण क्षतिग्रस्त बनेको नागढुंगा-मुग्लिङ सडक खण्ड अन्तर्गत कृष्णभीरमा सडक पुनः सञ्चालनका लागि रुख कटानको कार्य सुरु गरिएको छ।

बाढीले सडक भासिएपछि अवरुद्ध बनेको उक्त क्षेत्र खुलाउन निर्माण व्यवसायीले आवश्यक तयारी थालेका हुन्। नागढुंगा-मुग्लिङ सडक योजना (पश्चिम खण्ड) की योजना प्रमुख सजना अधिकारीकाअनुसार हाल २९ जना जनशक्ति परिचालन गरी सडकको दुवैतर्फबाट रुख कटानको काम भइरहेको छ।

सडक मर्मत र पहिरो व्यवस्थापनका लागि जियोटेक्निकल टोलीलाई समेत कार्यस्थलमा खटाइएको छ। नेपाल जियोटेक

सोसाइटीले उक्त क्षेत्रको प्राविधिक अध्ययन गरिरहेको र आज बेलुकीसम्म बाटो खुलाउने प्रक्रियासम्बन्धी नक्शाकंन (ड्राइङ) सहितको प्रतिवेदन बुझाउने तयारी गरेको छ।

सोसाइटीको प्रतिवेदन प्राप्त भएलगत्तै पहिरो पन्छाउने र सडक सुचारु गर्ने काम औपचारिक रूपमा शुरु गरिने योजना प्रमुख अधिकारीले जानकारी दिए।

हाल निर्माण व्यवसायी र प्राविधिक टोलीले पहिरो प्रभावित क्षेत्रको वस्तुस्थिति अध्ययन गर्दै सडक खुलाउनका लागि आवश्यक पूर्वतयारीलाई तीव्रता दिएका छन्।

बाढीपीडितका लागि शिक्षक र विद्यार्थीले गरे सहयोग

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, १८ भदौ

भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण रसुवा, धादिङ र नुवाकोटलगायत जिल्लाहरूमा ठूलो जनधनको क्षति भएको छ। बाढीपछि प्रभावित क्षेत्रका लागि देशभरबाट राहत तथा सहयोग जुट्ने क्रम तीव्र रूपमा बढिरहेको छ। यसै क्रममा रुकुम पश्चिमको बाँफीकोट गाउँपालिका-४ स्थित वीरेन्द्र माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकहरूले पनि मानवीय सहयोगको उदाहरण प्रस्तुत गरेका छन्। विद्यालयका आधारभूत तहका १०४ जना विद्यार्थीहरूले आफ्नो खाजा खर्चबाट संकलन गरेको ४ हजार ६ सय ४६ रुपैयाँ र शिक्षक-शिक्षिकाहरूबाट उठाइएको २१ हजार ६ सय १० रुपैयाँ गरी कुल २६ हजार ६ सय १० रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको शिक्षक बिपी रिजालले जानकारी दिए।

उनका अनुसार विद्यालयको कोष प्रयोग नगरी विद्यार्थीहरूले आफ्नै व्यक्तिगत खर्च कटौती गरेर सहयोग गरेका हुन्। विपत्तिको यस घडीमा केही राहत पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको उनले बताए। वीरेन्द्र माध्यमिक विद्यालय बाँफीकोट गाउँपालिकाको नमुना विद्यालयका रूपमा परिचित रहेको छ। देशभर विपत्तिको अवस्था सिर्जना भएका बेला साना विद्यार्थीदेखि शिक्षकसम्मले देखाएको सहयोगी भावना प्रशंसनीय मानिएको छ।

बीमालेख हराएको सूचना

मेरो नाममा हिमालय लाइफ इन्स्योरेन्स लिमिटेड बाट जारी भएको बीमालेख नं. HLI30480000252 को बीमालेख मिति २०८३/०३/११ गते बानेश्वरबाट कोटेश्वरसम्म जादा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले तल उल्लेखित सम्पर्क नं.मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

बिमितको नाम : सुरेश सिंह बस्न्यात
सम्पर्क नं.: ९८६०८१७२७०
हराएको मिति: २०८३/०५/१५

कुवेतमा रोजगार
कम्पनी : AL JAZIRAH INDUSTRIAL PROJECTS COMPANY FOR GENERAL TRADING & CONTRACTING — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६७७१२ — L.T. No.: 347535

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner (Indoor)	0	5	सम्बन्धित कामा दक्ष	100	४९,३७७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Driver (Heavy Vehicle)	13	0		150	७४,०६५							
3.	Driver (Light Vehicle)	5	0		135	६६,६५८							
4.	Electrician (General)	5	0		120	५९,२५२							
5.	Forman	5	0		180	८८,८७८							
6.	Heavy Operator	15	0		200	९८,७५४							
7.	Workers/helper/labour	200	0		95	४६,९०८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Dana Human Resource Nepal Pvt. Ltd. Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344,
Email : info@dananepal.com, Web: www.dananepal.com
Contact No : 9802373747, 9802397164, 9802373753

साउदी र युएईमा रोजगार
कम्पनी : AL-QANTAR GALAXY RESTAURANT — शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८३/०५/१७ — चलानी नं.: ६०२६०६५२ — L.T. No.:347448

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Shelf Stockers (Female/Male)	1	0	स. काममा दक्ष	1400	५६५४६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी : DASH LADIES BEAUTY CENTER — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/१७ — चलानी नं.: ६०२६०६५३ — L.T. No.:347439

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hairdresser	0	3	सम्बन्धित काममा दक्ष	1500	६१९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Masseurs	0	1		1500	६१९३५							
3.	Manicurist	0	3		1500	६१९३५							
4.	Receptionist/Front Desk Agent	0	1		1500	६१९३५							

कम्पनी : MADAME COCO BEAUTY CENTER AND SPA — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६५१ — L.T. No.:347474

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hairdresser	0	2	सम्बन्धित काममा दक्ष	1500	६१९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Hairstylist/Beautician	0	2		1500	६१९३५							
3.	Manicurist	0	3		1500	६१९३५							
4.	Beautician/Manicurist/Pedicurist/Maker up/Hair Stylist/Waxing/Hena	0	2		1500	६१९३५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	साउदीमा रु १०,००० युएईमा निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Chandani Management Services Pvt.Ltd. श्रम इजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: info.cmservices2009@gmail.com/website: chandanimanpower.com

साउदीमा रोजगार
कम्पनी : NASSJ CONTRACTING COMPANY IS A SOLE PROPRIETORSHIP. — शहर : SAUDI ARABIA,KSA
पूर्व स्वीकृत मिति: २०८३/०५/१७ — चलानी नं.: ६०२६०६४६ — LT. No.: 347423

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	LOADING AND UNLODING WORKER	3	0	स. काममा दक्ष	1600	६४६२४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Blaze Associates Pvt. Ltd. Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4370073, 9768493919
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

कतारमा रोजगार
कम्पनी : PROTON LIMITED FOR TRADING AND CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/१०/१९ — चलानी नं.: ६०२२९१४९ — LT. No.: 314750 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Plumber	2	0	सम्बन्धित काममा दक्ष	1100	४५,७६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Driver	1	0		1400	५८,२४०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

THREE BROTHERS HUMAN RESOURCE PVT. LTD. श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बतिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, अलिना बस्नेत सम्पर्क नं. ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

(सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ सँग सम्बन्धित)

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/१८)

बैतडी जिल्ला, पञ्चेश्वर गाउँपालिकास्थित महाकाली नदीका विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने कार्य गर्ने पञ्चेश्वर गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	नाम : पञ्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ठेगाना : आमचौरा, बैतडी, सुदूरपश्चिम प्रदेश
प्रस्तावको व्यहोरा	बैतडी जिल्ला, पञ्चेश्वर गाउँपालिकास्थित महाकाली नदीका विभिन्न घाटहरुबाट दिगो र वातावरण मैत्रि रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) दैनिक १०० घ.मि. भन्दा बढी ३०० घ.मि. सम्म उत्खनन् तथा संकलन गर्ने।
प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वडा	बैतडी जिल्ला, पञ्चेश्वर गाउँपालिका, वडा नं. २,४ र ५

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
नाम : पञ्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ठेगाना : आमचौरा, बैतडी, सुदूरपश्चिम प्रदेश फोन : +९७७-९८५८७८४००० इमेल: info@pancheshwormun.gov.np	नाम : शिवनाथ इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. ली. ठेगाना : तीनकुने-९, काठमाण्डौं फोन : +९७७-९८४९६६२००६ इमेल : shivanathconult@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६५/०८/१७ मा दर्ता भएको श्री **नेपाल ग्लोबल कनेक्ट इन्टरप्राइजेज प्रा. लि. (प्रा. लि. नं. ५८१४९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०८०/०६/२२ मा दर्ता भएको श्री **ग्राण्ड नायल प्रा. लि. (प्रा. लि. नं. ३२१४१८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति: २०८३/०५/१९

कम्पनि रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर काठमान्डौमा **दर्ता नम्बर २१४३१९** भएको त्यस कम्पनिको निर्णय बमोजिम मिति २०८३/०४/२१ को निर्णयअनुसार साविक कम्पनि (**रामनन्दन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**सम्बृद्धि कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.**) को कम्पनिले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सिर्जना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तिन गरि **सम्बृद्धि कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.** कायम गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति: २०८३/०५/१९

मिति २०८३/०४/२० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पकली टेक्नोलोजि इन्स्टिच्युट** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पकली मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर (दर्ता नं.: ३२४५७२)** कायम गर्ने गरी मिति २०८३/०४/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

संकटका सारथि स्थानीय सरकार र सुरक्षाकर्मी

भोटेकोशीको विनाशकारी बाढीले रसुवासहित आसपासका जिल्लामा ठुलो जनधनको क्षति पुऱ्याएको छ । घर, सडक र बस्ती बगाउँदा हजारौं नागरिक विस्थापित भएका छन् भने कैयौं बेपत्ता छन् । यस्तो भयावह विपद्को घडीमा राज्यको उपस्थिति र तयारीमाथि प्रश्न उठ्नु स्वाभाविक छ । तर, संकटको पहिलो घडीमा नागरिकको साथमा उभिएका स्थानीय सरकार र सुरक्षाकर्मीको भूमिका भने प्रशंसनीय देखिएको छ । बाढीको सूचना पाउनासाथ स्थानीय तहका जनप्रतिनिधि आफ्नो क्षेत्रका बस्तीमा पुगे । कतिपयले माइकिङ गरेर नागरिकलाई सुरक्षित स्थानमा जान आग्रह गरे । कतिपयले आफ्नै स्रोतसाधन परिचालन गरेर राहत र उद्धारमा जुटे । आफू र आफ्ना परिवारसमेत विपद्बाट प्रभावित भएका जनप्रतिनिधिले समेत नागरिकको उद्धारलाई प्राथमिकता दिए । यसले स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो भन्ने मान्यतालाई व्यवहारमै पुष्टि गरेको छ ।

त्यसैगरी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका हजारौं सुरक्षाकर्मी खोज तथा उद्धार, राहत वितरण, शव व्यवस्थापन, सडक सञ्चालन र स्वास्थ्य सेवामा खटिएका छन् । कठिन भूगोल, प्रतिकूल मौसम र सीमित स्रोतसाधनका बीच उनीहरूले जोखिम मोलेर नागरिकको जीवनरक्षामा गरेको प्रयासले राज्यप्रतिको भरोसा कायम राख्न मद्दत गरेको छ । भग्नावशेषबाट जीवित नागरिकको उद्धारदेखि बाढीमा फसेकालाई सुरक्षित स्थानमा पुऱ्याउनेसम्मका घटनाले उनीहरूको समर्पण देखाउँछन् ।

तर, यो विपद्ले राज्यको तयारीमा रहेका कमजोरी पनि उजागर गरेको छ । सडक र सञ्चार सम्पर्क विच्छेद हुँदा उद्धार र राहत प्रभावित क्षेत्रमा समयमै पुग्न सकेन । सुरूङभित्र फसेकाको उद्धारमा आवश्यक प्रविधि र उपकरणको अभाव देखियो । संघीय सरकारबाट पठाइएको राहतसमेत प्रभावित क्षेत्रमा पुऱ्याउन कठिनाइ भएको गुनासो आएको छ ।

अबको प्राथमिकता राहतमा मात्र सीमित हुनुहुँदैन । विस्थापितको पुनर्स्थापना, पुनर्वास, क्षतिग्रस्त सडक तथा पूर्वाधारको पुनर्निर्माण र भविष्यमा यस्ता विपद् आउँदा तत्काल परिचालन हुन सक्ने पूर्वसूचना तथा उद्धार संयन्त्र निर्माण गर्नुपर्छ ।

भोटेकोशी बाढीले एउटा महत्त्वपूर्ण सन्देशलाई पुनर्पुष्टि गरेको छ । त्यो भनेको विपद्को पहिलो घडीमा नागरिकका लागि स्थानीय सरकार र सुरक्षाकर्मी नै तत्कालको सहारा हुन् । त्यसैले उनीहरूको क्षमता, स्रोतसाधन र प्रविधि बलियो बनाउनु राज्यको दायित्व हो । संकटमा नागरिकको साथमा उभिने जनप्रतिनिधि र उद्धारकर्मीको साहस तथा समर्पणलाई सम्मान गर्दै अब राज्यले विपद् व्यवस्थापनलाई प्राथमिकताको विषय बनाउनुपर्छ ।

मलेसिया रोजगारी : सिन्डिकेट कि शोषण ?

मलेसियाली रोजगारदाताको रोजाइ खोस्दै र नेपाली श्रमिकमाथि थप आर्थिक भार लाद्दै सिन्डिकेट खडा गर्ने प्रयास तीव्र बनेको छ । सरकारी नियमनको आडमा निश्चित निजी समूहलाई भर्तीको "गेटकिपर" बनाइँदा सुशासन, पारदर्शिता र श्रमिक अधिकार जोखिममा परेका छन् । यस्तो अवस्थामा सरकारको मौनताले अनेकौं संशय र प्रश्नहरू उब्जाएको छ ।

अग्रलेख

● यादव लामिछाने *(अधिवक्ता)*

मलेसियामा विदेशी श्रमिक भर्तीमा सिन्डिकेट खडा गर्न खोजिएको विषय यतिखेर मलेसियादेखि नेपालसम्मै चर्चाको शिखरमा छ । मलेसिया सरकारले आफ्नो देशमा विदेशी श्रमिक भर्तीलाई व्यवस्थित र पारदर्शी बनाउन नियमन गर्न चाहन्छ भने त्यसको विरोध कसैले गर्दैन । तर, सरकारी नियमनको आडमा कुनै निजी प्रणाली वा सीमित व्यापारिक समूहलाई विदेशी श्रमिक भर्तीको मुख्य 'गेटकिपर' बनाइन्छ भने त्यो अस्वीकार्य हुनैपर्छ ।

कतिपयको प्रश्न हुन सक्छ- मलेसियाली रोजगारदाताले आफ्नो रोजाइको लाइसेन्सप्राप्त भर्ती एजेन्सी छनोट गर्न किन नपाउने ? यदि कुनै कम्पनीलाई नेपालबाट श्रमिक चाहिएको छ भने उसले अनुभव, विश्वसनीयता र विगतको कार्यसम्पादन हेरेर आफूले चाहेको एजेन्सी रोज्न पाउनुपर्छ । यो सामान्य व्यावसायिक अधिकार हो । तर, यदि एफडब्लुसिएमएस वा अन्य कुनै प्रणालीमार्फत सीमित एजेन्सीलाई मात्र पहुँच दिइन्छ भने त्यसले स्वाभाविक रूपमा प्रश्न जन्माउँछ- यो प्रणाली प्रशासनिक सुधार हो कि विदेशी श्रमिक भर्तीमाथिको निजी एकाधिकार ?

२५ एजेन्सीको छनोटमाथिको प्रश्न

नेपालबाट २५ वटा म्यानपावर एजेन्सीलाई मात्र मलेसिया भर्तीको विशेष पहुँच दिइने विषयमा गम्भीर प्रश्न उठेका छन् । केही एजेन्सीले ठुलो धनराशि बुझाएर यस्तो नेटवर्कमा प्रवेश पाएको आरोपसमेत बाहिर आएका छन् । यदि यस्तो भएको हो भने यसको निष्पक्ष छानबिन हुनुपर्छ । किनकि, त्यो रकम अन्ततः ती गरिब र असहाय श्रमिकबाटै उठाइनेछ ।

भर्तीको लागत बढ्दै गएर नेपाली श्रमिकले मलेसिया रोजगारीका लागि १२ हजार रिंगेट वा त्योभन्दा बढी तिर्नुपर्ने अवस्था आयो भने, यो श्रमिकको संरक्षण होइन, गरिब श्रमिकमाथि जबर्जस्ती लादिएको चरम आर्थिक बोझ र शोषण हो । मलेसिया सरकारले स्पष्ट पार्नुपर्छ- उनीहरूको नीति विदेशी श्रमिकको लागत घटाउने हो कि निश्चित निजी भर्ती सञ्जालको अस्वाभाविक लागत श्रमिकमाथि थोपर्ने हो ?

यदि नेपालबाट श्रमिक भर्ती गर्ने अधिकार सीमित एजेन्सीलाई मात्र दिइँदै छ भने ती एजेन्सी छनोटको आधार र मापदण्ड सार्वजनिक हुनुपर्छ । ती एजेन्सीको विगतको अनुभव के हो ? उनीहरूले मलेसियामा कति श्रमिक पठाएका छन् ? उनीहरूको कानुनी अनुपालन र श्रमिक संरक्षणको रेकर्ड कस्तो छ ? र, सबैभन्दा महत्वपूर्ण- कसले ती २५ वटा नाम छनोट गऱ्यो ? मलेसियामा बर्सौंदेखि काम गरिरहेका अनुभवी र स्थापित एजेन्सीलाई पन्छाएर पर्याप्त अनुभव नै नभएका एजेन्सीलाई प्राथमिकता दिइएको हो भने त्यसको तार्किक जवाफ दिनुपर्छ ।

सुरक्षा गार्ड भर्ती र बिचौलियाको प्रभाव

मलेसियामा सुरक्षा गार्डको पद नेपाली नागरिकका लागि मात्र खुला गरिएको छ । सुरक्षा गार्ड सामान्य श्रमिक मात्र होइनन्, उनीहरूले बैंक, कारखाना र संवेदनशील व्यावसायिक प्रतिष्ठानमा सुरक्षा प्रदान गर्छन् । त्यसैले सुरक्षा कम्पनीले विदेशी सुरक्षा गार्ड भर्ती गर्दा सम्पूर्ण प्रक्रिया झनै पारदर्शी र कडा हुनुपर्छ । यदि गृह मन्त्रालयलगायत सम्बन्धित सरकारी निकायबाट हुने कोटा निर्धारण प्रक्रियामा निजी प्रणाली वा सीमित एजेन्सीको अनुचित प्रभाव बढ्दै गएको हो भने प्रश्न उठ्नु स्वाभाविक हो । सुरक्षा कम्पनीको कोटा कसले निर्धारण गर्छ ? कुन एजेन्सीले श्रमिक ल्याउने भन्ने निर्णय कसले गर्छ ?

यसै सन्दर्भमा एफडब्लुसिएमएस प्रणालीसँग जोडेर अमिन नाम गरेका एक बंगलादेशी व्यवसायीको भूमिकाबारे पनि विभिन्न प्रश्न उठेका छन् । आरोपहरू कानुनी रूपमा प्रमाणित नभएसम्म कसैलाई दोषी ठहर गर्न त मिल्दैन, तर प्रश्न उठेका कारणले मात्रै यसलाई दबाउन पनि मिल्दैन । यदि कुनै निजी व्यक्तिले मलेसियाली रोजगारदाता, नेपाली म्यानपावर एजेन्सी र विदेशी श्रमिकसँग सम्बन्धित यति ठुलो प्रणालीमा असामान्य प्रभाव राख्छ भने सरकारले स्पष्ट गर्नुपर्छ- उनको वास्तविक अधिकार के हो ? उनलाई यस्तो प्रभाव कसले दियो ? मलेसियाको विदेशी श्रमिक नीतिको वास्तविक नियन्त्रण सरकारसँग छ कि कुनै निजी स्वार्थ समूहसँग ?

यो केवल नेपालको मात्र समस्या होइन । आज नेपालबाट सुरु भएको जस्तो देखिने यो सिन्डिकेटको अभ्यास भोलि बंगलादेश, पाकिस्तान, म्यानमार र इन्डोनेसियाजस्ता अन्य श्रम आपूर्ति गर्ने देशमा पनि विस्तार हुन सक्छ । यदि रोजगारदातालाई निश्चित निजी नेटवर्कमार्फत मात्र विदेशी श्रमिक लिन बाध्य पारियो भने, त्यसले मलेसियाको सम्पूर्ण विदेशी श्रमिक भर्ती प्रणालीलाई नै प्रभावित पार्नेछ । त्यसैले यो कुनै एउटा म्यानपावर कम्पनी वा देशको मात्र नभई समग्र पारदर्शिता, स्वस्थ प्रतिस्पर्धा र आधारभूत श्रमिक अधिकारको प्रश्न हो । मलेसियाली रोजगारदाताको प्रश्न सरल छ- 'मेरो कम्पनी हो, मेरो आवश्यकता हो, मैले आफ्नो भर्ती एजेन्सी किन रोज्न नपाउने ?' विदेशी श्रमिकको प्रश्न अझ सरल छ- 'रोजगारी पाउनकै लागि मैले किन हजारौं रिंगेट ऋण काढेर तिर्नुपर्ने ?' यी प्रश्नको जवाफ अब मौनतालेे होइन, तथ्य र पारदर्शिताले दिनुपर्छ । किनकि विदेशी श्रमिक कुनै व्यापारिक वस्तु होइनन्, उनीहरू मानिस हुन् र उनीहरूको श्रममाथि कसैको निजी एकाधिकार हुनुहुँदैन ।

सरकारको मौनतामाथि प्रश्न

यहाँ अझ गम्भीर प्रश्न उठ्छ- यो सम्पूर्ण मामिलामा नेपाल सरकार कहाँ छ ? विदेशमा रोजगारीका लागि जाने नेपाली श्रमिकमाथि अस्वाभाविक आर्थिक बोझ पर्ने सम्भावना देखिँदा नेपाल सरकार मौन रहन मिल्दैन । यदि विदेशी श्रमिक भर्तीमा निजी क्षेत्रको सीमित समूहले प्रभाव जमाउने र त्यसको लागत अन्ततः नेपाली श्रमिकले नै तिर्नुपर्ने अवस्था आउँदै छ भने नेपाल सरकारले मलेसिया सरकारसँग कूटनीतिक तहमा यो विषय तत्काल उठाउनुपर्छ ।

नेपालका लाखौं युवाको पसिनाले देशको अर्थतन्त्र धानिरहेको छ । उनीहरू विदेश जाँदा राज्यले उनीहरूबाट राजस्व मात्र लिने होइन, उनीहरूको अधिकार र हितको रक्षा गर्ने जिम्मेवारी पनि लिनुपर्छ । यदि कुनै नयाँ भर्ती प्रणालीले नेपाली श्रमिकलाई थप ऋण लिनुपर्ने, बढी शुल्क तिर्नुपर्ने वा बिचौलियालाई ठुलो रकम बुझाउनुपर्ने अवस्था सिर्जना गर्छ भने नेपाल सरकार मूकदर्शक बनेर बस्न मिल्दैन ।

नेपालका श्रममन्त्रीले यस विषयमा सार्वजनिक रूपमा स्पष्ट धारणा राख्नुपर्छ । सरकारलाई यो विषयबारे जानकारी छ कि छैन ? छ भने सरकारले अहिलेसम्म के-कस्ता कदम चाल्यो ? मलेसिया सरकारसँग कूटनीतिक संवाद भएको छ कि छैन ? र यदि सरकारलाई सबै कुरा थाहा छ भने श्रमिकको हितमा आवाज उठाउन सरकार किन हिचकिचाइरहेको छ ? यो प्रश्न अब नेपाली जनताले सोध्नैपर्छ ।

सरकारले 'हामीलाई थाहा छैन' भनेर उम्कन मिल्दैन । यदि सरकारलाई जानकारी छैन भने त्यो अझ चिन्ताजनक विषय हो । वैदेशिक रोजगारीको क्षेत्रमा यति ठुलो परिवर्तन आउँदा सम्बन्धित मन्त्रालय र मलेसियास्थित नेपाली दूतावास बेखबर हुनु चरम गैरजिम्मेवारीपन हो । अर्कातिर, यदि सरकारलाई सबै कुरा थाहा छ भने प्रश्न उठ्छ- सरकार अहिलेसम्म सार्वजनिक रूपमा किन बोल्दैन ? के सरकारभित्रै कसैको निहित स्वार्थ जोडिएको छ ?

यदि त्यस्तो कुनै अनुचित सम्बन्ध छैन भने सरकार पारदर्शी हुन डराउनुपर्ने कारण छैन । सरकारले कुन एजेन्सी छनोट भयो, किन भयो, कुन मापदण्ड प्रयोग गरियो र नेपाली श्रमिकमाथि थप आर्थिक भार पर्न नदिन के-कस्ता कदम चालिएका छन् भन्ने तथ्य तत्काल सार्वजनिक गर्नुपर्छ ।

सिन्डिकेट तोड्ने दायित्व

नेपालमा सिन्डिकेटको इतिहास नयाँ होइन, तर वैदेशिक रोजगारीजस्तो संवेदनशील क्षेत्रमा निजी समूहले सिन्डिकेट बनाएर श्रमिकमाथि आर्थिक भार थप्ने अवस्था सिर्जना गर्छ भने त्यसलाई सरकारले कुनै पनि हालतमा प्रोत्साहन गर्नुहुँदैन । सरकारको काम सिन्डिकेटलाई संरक्षण गर्नु होइन, सिन्डिकेट तोड्नु हो ।

यदि कुनै समूहले नेपाली श्रमिकलाई मलेसिया पठाउने अवसरमाथि कृत्रिम नियन्त्रण कायम गर्न खोजिरहेको छ भने नेपाल सरकारले त्यसको तत्काल छानबिन गर्नुपर्छ । यदि कुनै एजेन्सी वा व्यक्तिले श्रमिक भर्तीको नाममा गैरकानुनी रकम उठाएको प्रमाण भेटिन्छ भने कडा कारबाही हुनुपर्छ । सरकारी अधिकारी वा राजनीतिक व्यक्तिको कुनै संलग्नता प्रमाणित भएमा उनीहरूलाई पनि कानुनअनुसार जवाफदेही बनाइनुपर्छ । कानुन सबैका लागि बराबर हुनुपर्छ ।

अब नेपाल सरकारले चुप लागेर बस्ने समय होइन । नेपाल सरकारले मलेसिया सरकारसँग उच्चस्तरीय कूटनीतिक संवाद गर्नुपर्छ । दुवै देशका श्रम मन्त्रालयबीच औपचारिक छलफल हुनुपर्छ । मलेसियास्थित नेपाली दूतावासले यसबारे स्पष्ट जानकारी लिनुपर्छ र नेपाली श्रमिकले मलेसिया जानका लागि लाग्ने वास्तविक खर्च सार्वजनिक रूपमा स्पष्ट गर्नुपर्छ ।

श्रमिकले वैदेशिक रोजगारीका लागि घरजग्गा धितो राखेर वा चर्को ऋण लिएर परिवारको भविष्य जोखिममा पार्नुपर्ने अवस्था सिर्जना हुनु स्वीकार्य छैन । नेपाल सरकारको जिम्मेवारी केवल श्रम स्वीकृति दिने मात्र होइन, नेपाली श्रमिकलाई वैदेशिक शोषणबाट जोगाउनु पनि हो । त्यसैले, अब सरकारसँग एउटा स्पष्ट माग हुनुपर्छ- मलेसियाको विदेशी श्रमिक भर्ती प्रणालीमा भइरहेका परिवर्तनबारे सम्पूर्ण तथ्य सार्वजनिक गरियोस्, सम्भावित सिन्डिकेटको स्वतन्त्र छानबिन होस्, श्रमिकमाथि थप आर्थिक भार पर्ने व्यवस्था रोकियोस् र दोषीमाथि कानुनी कारबाही गरियोस् । नेपाली श्रमिकको हितभन्दा ठुलो कुनै निजी व्यापारिक स्वार्थ हुन सक्दैन । सरकार साँच्चिकै श्रमिकको पक्षमा छ भने अब मौन बस्ने होइन, बोल्नुपर्छ । सिन्डिकेटधारीलाई संरक्षण होइन, कानुनी कारबाही हुनुपर्छ । नेपाली श्रमिकको श्रम बेचेर कसैलाई निजी साम्राज्य निर्माण गर्ने अनुमति दिनुहुँदैन ।

श्रीकृष्ण जन्माष्टमी र निष्काम कर्मको सन्देश

धर्म/संस्कृति

● विश्वनाथ खरेल

घोर अन्धकार र अत्याचारका बीच भगवान् श्रीकृष्णको प्रादुर्भाव हुनु एउटा पौराणिक घटना मात्र पक्कै होइन । यसलाई अज्ञानताबाट ज्ञान र अधर्मबाट धर्मतर्फको शाश्वत यात्रा मान्न सकिन्छ । जन्माष्टमीको पावन अवसरमा उनको दिव्य लीला र गीताको निष्काम कर्मयोगलाई जीवनमा उतार्ने नै सच्चा भक्ति हो ।

अर्धरात्रिको घोर अन्धकारमा, चारैतिर भय र अत्याचार छाएका बेला देवरुपिणी देवकीको गर्भबाट पूर्व दिशामा सोह्र कलाले युक्त पूर्ण चन्द्रमा उदय भएझैं सबैका हृदयमा विराजमान भगवान् श्रीविष्णुको प्रादुर्भाव भयो । द्वापर युगको सोही पावन तिथिलाई हामी श्रीकृष्ण जन्माष्टमीका रूपमा परम भक्ति र श्रद्धाका साथ मनाउँछौं ।

यो पावन दिनमा वैष्णव, वल्लभ, चैतन्य, राधाकृष्ण, श्रीकृष्णप्रणामीलगायत सम्पूर्ण हिन्दु धर्मावलम्बी उपवास बस्छन् । मध्यरातमा भगवान्को दिव्य जन्मोत्सव मनाई रातभर भजन-कीर्तन र कथा श्रवण गर्दै जाग्राम बस्ने परम्परा छ । ज्योतिष शास्त्रअनुसार रोहिणी नक्षत्र र बुधबारको योगमा भगवान्को जन्म भएकाले यस दिन यी दुवैको संयोग पर्नलाई अत्युत्तम मानिन्छ ।

नेपालमा जन्माष्टमीका दिन पाटनको ऐतिहासिक कृष्णमन्दिर, काठमाडौं हनुमानढोकास्थित अष्टकोणाकार कृष्ण मन्दिरलगायत देशभरका मन्दिरहरूमा भक्तजनको ठुलो घुइँचो लाग्छ । पाटन कृष्णमन्दिरमा राष्ट्रप्रमुख स्वयं उपस्थित भई पूजा-अर्चना गर्ने र जल तथा प्रसाद ग्रहण गर्ने विशेष परम्परा रहेको छ ।

जन्मोत्सवको विधि र धार्मिक रहस्य

साँझ स्नान-पूजा गरी कोक्रोभित्र बालकृष्ण वा शालिग्राम शिला राखी ठीक मध्यरातमा बाहिर निकालेर हर्षोल्लासका साथ जन्मोत्सव मनाइन्छ । जसले कारागारमा भगवानको प्रादुर्भाव भएको संकेत गर्दछ । तत्पश्चात् पञ्चामृतले स्नान गराई श्रीखण्ड, चन्दन, तुलसी, अक्षता, वस्त्र र फलफूल अर्पण गरी आरती र पुष्पाञ्जली गरिन्छ ।

भगवान् श्रीकृष्ण केवल पौराणिक ग्रन्थका पात्र मात्र नभई ऐतिहासिक पुरुष पनि हुनुहुन्छ । विद्वान् विश्वनाथ चक्रवर्तीका अनुसार भगवान् श्रीकृष्णले जीवनका सुरुवाती समय गोकुल, वृन्दावन, नन्दग्राम र द्वारकामा बिताउनुभयो । जन्माष्टमीकै दिनबाट कलियुगको प्रारम्भ भएको मानिन्छ ।

भगवान्को जन्म र लीला दिव्य छन् । मथुरामा कंसको कारागारमा वसुदेव-देवकीका सामु चतुर्भुज रूपमा ऐश्वर्यमय प्रकट हुनुभयो भने ठीक त्यही समयमा गोकुलमा यशोदाको गर्भबाट माधुर्यमय ब्रजेन्द्रनन्दनका

रूपमा अवतरित हुनुभयो । जब सर्वकारणका कारण स्वयं भगवान् नर रूपमा प्रकट हुनुभयो, तब नन्दको घर मात्र होइन, सम्पूर्ण जगत् नै आनन्दमय बन्यो ।

अवतारको मुख्य उद्देश्य र आध्यात्मिक सन्देश

श्रीमद्भगवद्गीतामा अर्जुनसँगको संवादमा भगवान् श्रीकृष्णले आफ्नो अवतारको उद्देश्य स्पष्ट पार्नुभएको छ ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

अर्थात्, जब-जब धर्मको हानि र अधर्मको वृद्धि हुन्छ, तब-तब साधु पुरुषको रक्षा, दुष्टहरूको विनाश र धर्मको पुनर्स्थापनाका लागि म युग-युगमा प्रकट हुन्छु । भगवान् अवतरित हुनुका तीन मुख्य आध्यात्मिक कारण छन् ।

पहिलो, मधुर लीलाद्वारा जीवलाई प्रेमभक्तिमा जोड्नु: आफ्ना भक्तहरूलाई दास्य, सख्य, वात्सल्य र शृंगार रसको आनन्द प्रदान गरी भगवत्-प्रेममा लीन गराउनु । दोस्रो, धरतीको भार हरण गर्नु : अत्याचारी दैत्य र आसुरी प्रवृत्तिको विनाश गरी पृथ्वीलाई पापमुक्त बनाउनु ।

तेस्रो, निष्काम कर्मको ज्ञान दिनु : 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन'को अमर सन्देशमार्फत फलको आशा नगरी कर्तव्यपथमा लाग्न सिकाउनु ।

आजको युगमा कृष्णजन्माष्टमी मनाउनुको वास्तविक सार्थकता केवल पूजाविधि र उपवासमा मात्र सीमित छैन । हाम्रो समाजमा व्याप्त अन्याय, अत्याचार, असत्य र ईर्ष्यारूपी 'कंस'हरूको अन्त्य गरी सत्य, न्याय र परोपकारको स्थापना गर्नु नै जन्माष्टमीको मूल सन्देश हो । 'धर्मो रक्षति रक्षितः' अर्थात् जसले धर्म (कर्तव्य र सत्य)को रक्षा गर्छ, धर्मले उसको रक्षा गर्छ ।

श्रीकृष्णको अह्लादिनी शक्ति श्रीराधारानीको अगुवाइमा हुने यस महान् उत्सवमा सहभागी भई उहाँको नाम, रूप र गुणको कीर्तन गरेर जीवनलाई सार्थक बनाऔं । कलिकालमा नाम संकीर्तन नै परम औषधि मानिएकाले यस पावन पर्वमा यो महामन्त्र जप्दै जीवनमा सुख र शान्ति प्राप्त गरौं ।

हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे ।
हरे राम हरे राम, राम राम हरे हरे ॥

इतिहासको पाना

● सुनिल उलक

नेपालले भोट युद्ध जित्दा जम्मुका खालसा सिपाही मुक्त

झट्ट हेर्दा कुनै मुस्लिम शासकको जस्तो देखिने र उर्दु भाषा मात्र कुँदिएको एउटा दुर्लभ चाँदीको तक्माले नेपाल र हिन्दुस्तानको इतिहासलाई एउटै सूत्रमा जोड्छ । तक्माको एकतर्फ राजा सुरेन्द्रविक्रम शाहको तस्विर अंकित भएकाले यसको सिधा सम्बन्ध नेपालसँग रहेको प्रस्ट हुन्छ । एउटा हिन्दु राष्ट्रका राजाले पूर्ण रूपमा उर्दु भाषामा लेखिएको तक्मा किन र कसलाई दिए होला ? यसको पछाडि १९औं शताब्दीको एक रोचक र महत्वपूर्ण ऐतिहासिक घटना लुकेको छ ।

तक्मामा उर्दु भाषामा लेखिएको छ, 'श्री महाराजाधिराजा सुरेन्द्रविक्रम शाह बहादुर र श्री जंगबहादुर राणा महाराजाको आदेशमा १५ वर्षदेखि तिब्बती कैदमा रहेका जम्मुका खालसा सिपाहीहरूलाई संवत् १९१२ (सन् १८५५-५६)को भोटसँगको युद्धमा मुक्त गराए ।'

यसको पृष्ठभूमि सन् १८४१मा सुरु हुन्छ । जम्मुका राजा गुलाबसिंहका जनरल जोरावर सिंहले भोट (तिब्बत)माथि आक्रमण गर्दा उनी मारिए र धेरै सिख तथा डोगरा सैनिकहरू युद्धबन्दीका रूपमा ल्हासा पुऱ्याइए । अर्कोतर्फ, वि.सं. १९०९मा जंगबहादुर राणाले चीन पठाएको भीमसेन कुँवर नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमाथि तिब्बतमा लुटपाट र हत्या भएपछि वि.सं. १९११मा नेपाल-भोट युद्ध छेडियो ।

झन्डै एक वर्ष चलेको भीषण युद्धपछि वि.सं. १९१२ चैत १३ गते ऐतिहासिक 'थापाथली सन्धि' भयो । सन्धिको एउटा सर्तअनुसार तिब्बतले १५ वर्षदेखि कैदमा राखेका १०६ जना भारतीय युद्धबन्दीहरूलाई नेपाल सरकारको जिम्मा लगायो । तीमध्ये ५६ जनाले मात्र आफ्नो मातृभूमि जम्मु फर्किने इच्छा व्यक्त गरे ।

उनीहरूको पुनर्जन्म र साहसिक मुक्तिको याद दिलाउन राजा सुरेन्द्र र श्री ३ जंगबहादुरले ती ५६ जना डोगरा/सिख सैनिकहरूलाई यो विशेष उर्दु तक्मा पहिराएर बिदाइ गरेका थिए । ४२ मिमी गोलाकार र २५ ग्राम तौल भएको यो चाँदीको तक्मा जंगबहादुरको कूटनीतिक सफलता र मानवीय कार्यको ऐतिहासिक प्रमाण हो । हालसम्म यसका दुईवटा मात्र अवशेष फेला परेका छन्, जसले नेपाल र जम्मु-काश्मिरको ओझेलमा परेको ऐतिहासिक सम्बन्धलाई जीवन्त राखेका छन् ।

भोटेकोशी बाढीपीडितका लागि पोर्चुगलबाट सेफ टंक सापकोटाको ५१ लाख बढी सहयोग

भरत प्रधान/मध्यान्ह
लिस्बन, १८ भदौ

पोर्चुगलमा चर्चित नेपाली सेफ टंक सापकोटाले रसुवाको भोटेकोसीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि ५१ लाख रुपैयाँ भन्दा बढी सहयोग गरेका छन् ।

सापकोटाले बुधबार नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २९ हजार युरो अर्थात् ५१ लाख ११ हजार एक सय ५१ रुपैयाँ सहयोग गरेका हुन् । सापकोटाले सो बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिए ।

सापकोटाको सहयोगको प्रशंसा गर्दै राजदूत पौडेलले प्राकृतिक विपत्तिमा परेका नागरिकको राहत तथा उद्धारका लागि उनले गरेको सहयोग प्रशंसनीय र प्रेरणादायी रहेको बताए । 'संकटको समयमा मातृभूमि र विपद्पीडित नागरिकप्रति सापकोटाले देखाउनुभएको परोपकारी भावना र मानवीय सहयोगले सामाजिक उत्तरदायित्वको सकारात्मक सन्देश दिएको छ,' राजदूत पौडेलले भने ।

बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनामा थोरै भए पनि सहयोग पुऱ्याउने उद्देश्यले आफ्नो परिवारको तर्फबाट उक्त रकम प्रदान गरिएको सापकोटाले बताए । दाजु लक्ष्मीप्रसाद सापकोटा र श्रीमती सीता सापकोटासँग सल्लाह गरेर परिवारको तर्फबाट विपत्तिमा परेका नागरिकलाई सहयोग गर्ने निर्णय गरिएको उनले बताए ।

'प्राकृतिक विपत्तिमा परेका मातृभूमिका नागरिकको पीडा र दुःखमा थोरै भए पनि राहत पुऱ्याउनुलाई मैले आफ्नो मानवीय तथा सामाजिक उत्तरदायित्वका रूपमा लिएको छु । हामी संसार बदल्न सक्दैनौं, तर संसार बदल्न सहयोग गर्न सक्छौं। विपद्को यो कठिन घडीमा पीडित नागरिकको दुःखमा थोरै भए पनि साथ दिन सक्नु नै हाम्रो लागि ठुलो कुरा हो,' सापकोटाले भने । प्राकृतिक विपद्ले जलवायु परिवर्तन तथा बढ्दो तापक्रमको गम्भीर असरलाई उजागर गरेको उल्लेख गर्दै सापकोटाले यसको असरबाट निर्दोष नागरिक र समुदाय नै सबैभन्दा बढी प्रभावित भएको भन्दै चिन्ता समेत व्यक्त गरे ।

विगत ३० वर्षदेखि सपरिवार पोर्चुगलमा बस्दै आएका बागलुङ, दमेकका सापकोटाले राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चारवटा रेस्टुरेन्ट सञ्चालन गर्दै आएका छन् । पाककलामा उत्कृष्ट कला-कौशल प्रदर्शन गर्दै आएका सापकोटाले दर्जनौं 'अवार्ड' तथा पुरस्कारसमेत प्राप्त गरिसकेका छन् ।

प्रमाणित गरिएको सम्बन्धमा

प्रकाशित मिति :- २०८३।०५।१८

प्रस्तुत विषयमा चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १५ निवासी भारतीय सैनिक नं. 5752991P HAV (ACP-1) मगर गुरुङले मेरो श्रीमती आसा माया गुरुङको मिति २०३१/०४/१६ मा लमजुङ जिल्लामा जन्म भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ८५९ मिति २०८३/०५/१८ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ।

निवेदकहरु फोटो

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०३१/०२/२२ मा दर्ता भएको **प्रा.लि. नं. ६४८** को **श्री टेक्सटाईल प्रा. लि.** को मिति २०८३/०५/१७ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: एक नारायण पौडेल,
इजाजत पत्र नं. ५६६, ठेगाना : आँधिखोला-२ स्याङ्जा, फोन नं. ९८४६०६०१५३

जन्ममिति फरक परेको सार्वजनिक सूचना

जिल्ला प्रशासन कार्यालय, चितवनको प.सं. २०८३।८४, च.नं. १०२३, मिति २०८३।०५।१७ को "प्रमाणित सम्बन्धी" पत्रानुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १६ निवासी भारतीय सैनिक नं. ५२४३५०१एम **हवल्दार टेक नारायण गुरुङ्गले** मेरो श्रीमती **कुमारी देवी गुरुङको नागरिकता प्रमाणपत्र नं. ११६९/०४५/४६** तथा **राष्ट्रिय परिचयपत्रमा** जन्ममिति **२०२९/०२/०१ (सन् १४-०५-१९७२)** भएको र पेन्सन अभिलेखमा श्रीमतीको जन्ममिति **सन् १४-०५-१९७१** उल्लेख भई फरक परे तापनि फरक जन्ममिति भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ६६७ मिति २०८३/०५/१५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।

जन्ममिति फरक परेको व्यक्ति

सेफको आवश्यकता

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.२ स्थित **सुल्तान्स अरबिक ग्रील प्रा.लि.**को लागी निम्न दक्षता भएको अरबिक स्वादको खाना तथा ग्रील बनाउँन सक्ने दक्षे सेफको आवश्यकता भएको हुँदा स्वदेशी तथा विदेशी इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र आवेदन दिनु हुन अनुरोध छ ।

क्र.सं.	पद	संख्या	योग्यता	अनुभव	गर्नुपर्ने कामको विवरण
१. 1.	सेफ Chef	१ 1	अरबिक भाषामा दक्ष (Proficient in Arabic Language)	१० बर्ष अरबिक सेफ भई कार्य गरेको (Worked as an Arabic Chef for 10 years.)	अरबिक स्वाद अनुसार ग्रील तथा खाना बनाउनु पर्ने (Must be able to prepare grilled dishes and cook food according to Arabic taste.)

काम गर्नु पर्ने क्षेत्र तथा स्थल : कम्पनीले संचालन गरेको रेष्टुरेण्टमा
कार्यरत रहने अवधि : १ बर्ष (करार)
तलब स्केल : आपसी सहमति
निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :
(१) निवेदन (२) बायोडाटा (३) अनुभवको प्रमाण पत्रको

नोट : नेपाली नागरिक छनौट हुन नसकेमा विदेशी नागरिकलाई छनौट गरिने छ ।

सुल्तान्स अरबिक ग्रील प्रा. लि.
का.जि.का.म.न.पा.वडा नं. २
सम्पर्क : ०१४५०७४४४, ०१४५०९४४४
Email : sultansarabicgrill@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०७/२० मा दर्ता भएको **प्रा. लि. नं. २०२१३७** को **अटो गार्डेन प्रा. लि.** को मिति २०८३/०५/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः शेर बहादुर रोकाया,
इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/०७/३० मा दर्ता भएको **प्रा. लि. नं. ३५५२५२** को श्री **इन्ग्राम एजुकेशन सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कतारमा रोजगार

कम्पनी : AMWAJ CATERING SERVICES LIMITED — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/२६ — चलानी नं.: ६०२५३२७२ — LT. No.: 339790 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner Staff	0	28	सम्बन्धित काममा दक्ष	1000	४१६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Dishwaher	94	0	सम्बन्धित काममा दक्ष	1000	४१६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER
Gov Lic No.:469/060/061
WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566, 9705779966
Email : wahaa.nepal@gmail.com

मलेसियामा रोजगार

कम्पनी: SHIN YANG SHIPYARD SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६७४ — L.T. No.: 347518

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Fitter	5	0	स. काममा दक्ष	1700	६३७३३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SAMRAT HUMAN RESOURCES PVT. LTD. License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014,
9851044423 (Narendra Dev Malekar), Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

UAE मा रोजगार

कम्पनी : GTL INTERNATIONAL LTD. FZE — शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६७२ — LT. No.: 347514

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	DRIVER (HEAVY VEHICLE DRIVER)	20	0	सम्बन्धित काममा दक्ष	2300	९४९६७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	ASSISTANT / HELPER	80	0	सम्बन्धित काममा दक्ष	1000	४१२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

VMS — श्रम इजाजत नं. ९२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.:9808772723 (Kiran Rai), 9815589009 (Sachin)
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

Saudi मा रोजगार

कम्पनी : Hesham Mohammad Al Muzain General Contracting Establishment — शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६७५ — L.T. No.: 346929

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	KITCHEN WORKER	1	0	स. काममा दक्ष	1000	४०३९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

सुगम ओभरसिज प्रा. लि. — SUGAM OVERSEAS PVT. LTD. — इजाजत पत्र नं. ५३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४८८६१०६, ४८९७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
+977 985-1039171 (Deepak Sharma), Email: info.sugam1@gmail.com | Web : www.sugamoverseas.com.np

कुवेतमा रोजगार

कम्पनी : EDIFICE OF KUWAIT GENERAL TRADING COMPANY — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/०९ — चलानी नं.: ६०२६०५७७ — L.T. No.: 346805

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Arch Welder	7	0	सम्बन्धित काममा दक्ष	150	७४,०६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Build. Painter	5	0	सम्बन्धित काममा दक्ष	130	६४,१९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
3.	Electrical Technican Wiring	5	0	सम्बन्धित काममा दक्ष	130	६४,१९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
4.	Helper	10	0	सम्बन्धित काममा दक्ष	100	४९,३७७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
5.	Tailors(Cut/sew/embroidery)	3	0	सम्बन्धित काममा दक्ष	140	६९,१२७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
मदरल्याण्ड ओभरसिज प्रा. लि.
Opposite of Basundhara Chowki, Ph.: 01-496 1111, 4366318, 9851073258 (Mohan Basnet) Fax: 436474
Email : cv@motherlandgroupnepal.com, info@motherlandoverseas.com, Website:www.motherlandoverseas.com

कतारमा रोजगार

कम्पनी : SOURCES OF NILE SERVICES — शहर: QATAR,AL RAYYAN AL JADED
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६६७ — L.T. No.: 347507

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER (GENERAL)	0	7	स. काममा दक्ष	1100	४५७६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

Govt.Lic.No.: 517/061/062
Rightway Enterprises Pvt. Ltd.
Aaloknagar Minbhawan-31 Kathmandu, Nepal
Tel : 01-4106275,4106276
Mob: 9808079942

मलेसियामा रोजगार

कम्पनी : HTMALTEC CONSULTANTS SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०१/११ — चलानी नं.: ६०२५४४३२ — L.T. No.:341081 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	15	0	स. काममा दक्ष	1700	६३७३३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

Govt. Lic No.: 69/052/53
सुनकोशी म्यानपावर सर्भिस प्रा.लि.
घुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१–४५१९१९३, ४५२२१०८, भीष्म राज योङ्हाङ - ९८४१३१८९११ Email: sunkoshi.kathmandu@gmail.com
सुनसरी शाखा - ९८५२०४६९३२ (गजेन्द्र योङ्हाङ), झापा शाखा - ९८१८०५६०३७ (सन्चविर इजम)

युएईमा रोजगार

कम्पनी: AL AQSAR TRADING L.L.C — शहर: UAE,SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०८/१६ — चलानी नं.: ६०२४८२५५ — LT. No.: 334583 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Shop Assistant	2	0	सम्बन्धित काममा दक्ष	1000	४१,२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Packers	4	0	सम्बन्धित काममा दक्ष	1000	४१,२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ २६ गते (31 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

श्रम इजाजत नं. ५३०/०६१/०६२
Metta International Pvt. Ltd.
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७,
984-8697395 (YUB RAJ DHUNGANA) Fax.: 4112978, Email- mettaint5@gmail.com, info@mettaint.com, Web.: www.mettaint.com

JORDAN मा रोजगार

कम्पनी: Al Muthana company for recruitment and employment of house workers — शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०८२/०२/२५ — चलानी नं.: ६०२३९२६५ — LT. No.: 325196

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब USD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Domestic Worker/Housemaid	0	13	स. काममा दक्ष	300	४५,४९८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० रोजगारदाताले	रु. १,५०० रोजगारदाताले	नि:शुल्क

MOUNTAIN GROUP INTERNATIONAL PVT.LTD. — श्रम इजाजत नं. ९९४/०६८/०६९
Tokha-7, Basundhara Chauwki, Kathmandu, Nepal, Ph No: 01- 4987494,4983983
Mob No: 9802068888, Fax: 01-4987495

ओमनमा रोजगार

कम्पनी : AL TASNIM ENTERPRISES LLC — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८३/०५/१८ — चलानी नं.: ६०२६०६९० — L.T. No.: 347528

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cement Blocks Bricklayer	100	0	स. काममा दक्ष	120	४७,२७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २६ गते (11 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

New Sambriddhi Overseas Pvt. Ltd. — श्रम इजाजत पत्र नं. ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

शून्य लागत भर्ती: यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ । भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ । उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन ।

Zero Cost Recruitment: This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

रोजगारदाता कम्पनी - एस्काटेक इलेक्ट्रोनिक्स एसडिएन. बिएचडी.
Employer Company - Escatec Electronics Sdn. Bhd.
ठेगाना - पेनाङ, मलेसिया
Address - Penang, Malaysia
फोन - +६०४ ६४३ २५५४, Phone - + 604 643 2554
फ्याक्स - +६०४ ६४३ ७०२५, Fax - + 604 643 7025

कम्पनीको बारेमा - एस्काटेक इलेक्ट्रोनिक्सले मेडिकल उपकरण, औद्योगिक सेन्सर र अटोमोटिभ इलेक्ट्रोनिक्स जस्ता उच्च–प्रविधियुक्त उत्पादनहरू निर्माण गर्दछ । यस कार्यमा प्रिन्टेड सर्किट बोर्ड (PCBs) र जटिल इलेक्ट्रो–मेकानिकल प्रणालीहरूको सटिक जडान र परीक्षण समावेश छ ।

About Company - Escatec Electronics manufactures high-tech products like medical devices, industrial sensors, and automotive electronics. The job involves the precision assembly and testing of printed circuit boards (PCBs) and complex electro-mechanical systems.

पूर्व स्वीकृत मिति – २०८३/०१/०४ Pre-approval Date - 2026/04/17	लट नम्बर – ३४०६६० LT No. - 340660	चलानी नम्बर – ६०२५४०७२ Invoice No. - 60254072	पुनः विज्ञापन Re-advertisement

कामदारको पद Worker's Position	माग संख्या No. of Demand पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary आर एम RM	ने. रु. NRP	ओभरटाईम Overtime	प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day	हप्तामा काम गर्ने दिन Working Days/Week	खाना सुविधा Food Facility	बस्ने सुविधा Accomm-odation Facility	करार अवधी Contract Period
औद्योगिक कामदार Factory Worker	२२ 22	० 0	एस.एल.सी वा सो भन्दा माथि SLC & Above	१७०० 1700	६२,९०० 62,900	कम्पनीको नियम अनुसार As Per Company Rule	७.५ घण्टा 7.5 Hours	६ दिन 6 Days	छैन No	छ Yes	२ वर्ष 2 years

पासपोर्ट खर्च Passport Expenses	मेडिकल जाँच शुल्क Medical Examination Fee	भिसा शुल्क Visa Fee	फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure	अभिमुखीकरण Orientation	नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia	कल्याणकारी कोष Welfare Fund	सामाजिक सुरक्षा कोष Social Security Fund	हवाई टिकट खर्च Air Ticket Expenses	संस्थाको सेवा शुल्क Agency Service Charge
रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer

महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ । इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं । Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः औद्योगिक कामदार /मेडिकल उपकरण, औद्योगिक सेन्सर र अटोमोटिभ इलेक्ट्रोनिक्सको उत्पादन गर्ने यस कम्पनीमा प्रिन्टेड सर्किट बोर्ड र जटिल इलेक्ट्रो–मेकानिकल प्रणालीहरूको जडान र परीक्षण गर्ने काम हुन्छ । Scope / Nature of Job: Factory worker/ Manufacturing of medical devices, industrial sensors, and automotive electronics, the job involves the assembly and testing of PCBs and complex electro-mechanical systems.
- बिदाको हकः Leave Entitlement:

सेवाको अवधि Year of Service	वार्षिक बिदा Annual Leave	बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year)	सार्वजनिक बिदा Public Holiday	अस्पताल भर्ना बिदा Hospitalization Leave
२ वर्ष भन्दा कम Less than 2 Years	८ दिन 8 days	१४ दिन / 14 Days	११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia)	६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year)
२–५ वर्ष 2-5 Years	१२ दिन 12 days	१८ दिन / 18 Days		
५ वर्ष भन्दा बढी More than 5 years	१६ दिन 16 Days	२२ दिन / 22 Days		

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ । Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
